# प्रदेश लोक सेवा आयोग ऐन, २०७५
# र
# प्रदेश लोक सेवा आयोग नियमावली, २०७८

*(२०७९ साल माघ मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)*

## प्रदेश लोक सेवा आयोग

**कर्णाली प्रदेश**

**वीरेन्द्रनगर, सुर्खेत**

# प्रदेश लोक सेवा आयोग ऐन, २०७५

<u>प्रमाणीकरण र प्रकाशित मिति</u>

२०७६।०२।२६

**<u>संशोधन</u>**

प्रदेश लोक सेवा आयोग (पहिलो संशोधन) ऐन, २०७७

२०७७।०३।१८

प्रदेश लोक सेवा आयोग (दोस्रो संशोधन) ऐन, २०७९

२०७९।०४।२५

सम्वत् २०७६ सालको ऐन नं. ०४

## <u>प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

**<u>प्रस्तावनाः</u>** प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सभा सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा र <u>*स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको</u> पदमा उपयुक्त उम्मेदवार छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन तथा प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकारको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

## <u>प्रारम्भिक</u>

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "प्रदेश लोक सेवा आयोग ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

(३) यो ऐन कर्णाली प्रदेशभर लागू हुनेछ।

---

* दोस्रो संशोधनद्वारा संशोधित।

२. **♦परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अख्तियारवाला" भन्नाले कानूनबमोजिम प्रदेश सेवाको पदमा नियुक्ति गर्न वा विभागीय सजाय गर्न सक्ने अधिकारी सम्झनु पर्छ।

(ख) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ।

(ग) "आयोग" भन्नाले संविधानको धारा २४४ बमोजिमको प्रदेश लोक सेवा आयोग सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "नजिकको नातेदार" भन्नाले बाबु, आमाको तीन पुस्ताभित्रको नातेदार सम्झनु पर्छ र सो शब्दले सासु-ससुरा, पति-पत्नी, छोरा-छोरी, दाजु-भाई, दिदी-बहिनी, भाउजू-बुहारी, आमाजू, नन्द, जेठाजु-जेठानी, देवर-देउरानी, काका-काकी, ठूलोबुबा-ठूलीआमा, सानाबा-सानीआमा, भतिजा-भतिजी, भाञ्जा-भाञ्जी, भिनाजु-ज्वाई, मामा-माइजू, फुपु-फुपाजू, जेठी सासू, साढु दाई-साढु भाई, जेठान, जेठानी दिदी, साला-साली, सालाको पत्नी, मित-मितिनी, धर्मपुत्र-धर्मपुत्री र तिनका छोराछोरीलाई समेत जनाउँछ।

(च) "प्रदेश अन्य सरकारी सेवा" भन्नाले प्रदेश निजामती सेवा, प्रदेश सभा सेवा र प्रदेश प्रहरी सेवा बाहेकका प्रदेश कानूनद्वारा गठन भएका प्रदेश सरकारका अन्य सेवा सम्झनु पर्छ।

(छ) "प्रदेश निजामती सेवा" भन्नाले प्रदेश सभा सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा र प्रदेश निजामती सेवाको पद होइन भनी प्रदेश कानूनद्वारा तोकिएको सेवा बाहेकको प्रदेश सरकारको सेवा सम्झनु पर्छ।

(ज) "प्रदेश प्रहरी सेवा" भन्नाले प्रदेश कानूनद्वारा गठन भएको प्रदेश प्रहरी सेवा सम्झनु पर्छ।

---

♦ दोस्रो संशोधनद्वारा संशोधित।

(झ) "प्रदेश सभा" भन्नाले संविधानको धारा १७५ बमोजिमको प्रदेश सभा सम्झनु पर्छ।

(ञ) "प्रदेश सेवा" भन्नाले प्रदेश निजामती सेवा, प्रदेश सभा सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवा सम्झनु पर्छ।

(ट) "प्रदेश सङ्गठित संस्था" भन्नाले प्रदेश विश्वविद्यालय सेवा र प्रदेश शिक्षक सेवा आयोग बाहेकका पचास प्रतिशत वा सोभन्दा बढी शेयर वा जायजेथामा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैङ्क, समिति वा प्रदेश कानून बमोजिम स्थापित वा प्रदेश सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था सम्झनु पर्छ।

(ठ) "प्रदेश सभा सेवा" भन्नाले प्रदेश कानून द्वारा गठित प्रदेश सभा सेवा सम्झनु पर्छ ।

(ड) "लोक सेवा आयोग" भन्नाले संविधानको धारा २४२ बमोजिमको लोक सेवा आयोग सम्झनु पर्छ।

(ढ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले आयोगको अध्यक्षलाई समेत जनाउँछ।

(ण) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(त) "स्थानीय सरकारी सेवा" भन्नाले संविधानको धारा २८५ को उपधारा (३) बमोजिम गाउँ कार्यपालिका र नगर कार्यपालिकाले कानून बमोजिम गठन गरेको सरकारी सेवा सम्झनु पर्छ।

(थ) "स्थानीय तहको सङ्गठित संस्थाको सेवा" भन्नाले स्थानीय तहमा स्थानीय कानून बमोजिम गठन भएका सङ्गठित संस्थाको सेवा सम्झनु पर्छ।

(द) "सिद्धान्त" भन्नाले आयोगबाट जारी भएको प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति तथा बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्त र प्रदेश सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्त सम्झनु पर्छ।

परिच्छेद-२

## प्रदेश लोक सेवा आयोग

**३. <u>प्रदेश लोक सेवा आयोगको गठनः</u>** (१) कर्णाली प्रदेशमा प्रदेश लोकसेवा आयोग रहनेछ जसमा एकजना महिला हुनेगरी अध्यक्ष सहित बढिमा तीनजना सदस्य रहनेछन्।

(२) उपदफा (१) बमोजिमका अध्यक्ष तथा सदस्यको नियुक्तिको लागि प्रदेश प्रमुख समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

(क) मुख्यमन्त्री, प्रदेश सरकार - अध्यक्ष

(ख) प्रदेश सभाका सभामुख - सदस्य

(ग) प्रदेश सभाका प्रमुख विपक्षी दलको नेता - सदस्य

(३) उपदफा (२) बमोजिमको सिफारिस समितिले समानुपातिक समावेशी सिद्धान्तका आधारमा अध्यक्ष र सदस्यको पदमा नियुक्तिको लागि सिफारिस गर्नु पर्नेछ सिफारिसको निर्णय गर्दा सर्वसम्मत हुन नसकेमा बहुमतको आधारमा निर्णय गर्न सकिनेछ।

(४) उपदफा (२) बमोजिमको समितिको सिफारिसको आधारमा प्रदेश प्रमुखले अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ।

(५) उपदफा (२) बमोजिमको सिफारिस समितिमा प्रमुख सचिवले सदस्य सचिवको रूपमा काम गर्नेछ।

(६) देहायको योग्यता भएको नेपाली नागरिक आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि योग्य हुनेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) अध्यक्षको हकमा पैंतालीस वर्ष र सदस्यको हकमा पैंतिस वर्ष पूरा भएको,

(घ) उच्च नैतिक चरित्र भएको।

(७) आयोगका सदस्यहरू मध्ये कम्तीमा एकजना सदस्य बीस वर्ष वा सोभन्दा बढी अवधिसम्म *कुनै सरकारी सेवामा रही कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणी वा एघारौं तहबाट सेवा निवृत्त भएका व्यक्तिहरू मध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानून, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन कार्य गरी ख्याति प्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्त हुनेछन्।

(८) अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ।

ﾑ**३क. शपथः** आफ्नो कार्यभार सम्हाल्नु अघि अध्यक्षले प्रदेश प्रमुख समक्ष र सदस्यले अध्यक्ष समक्ष अनुसूचीको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।"

**४. पद रिक्त हुने ≡अवस्थाः** (१) देहायको ♠अवस्थामा आयोगको अध्यक्ष र सदस्यको पद रिक्त हुनेछः–

(क) निजले प्रदेश प्रमुख समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको उमेर पैसठ्ठी वर्ष पूरा भएमा,

(ग) उपदफा (६) बमोजिम पदमुक्त भएमा,

(घ) शारीरिक वा मानसिक अस्वस्थताको कारणले सेवामा रही कार्यसम्पादन गर्न असमर्थ रहेको भनी प्रदेश सरकारले गठन गरेको मेडिकल बोर्डले दिएको सिफारिसको आधारमा उपदफा (२) बमोजिमको समितिको सिफारिसमा प्रदेश प्रमुखले पदमुक्त गरेमा,

(ङ) निजको मृत्यु भएमा।

(२) संविधान र प्रचलित कानूनको गम्भीर उल्लङ्घन गरेको, कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको वा आचार संहिताको गम्भीर उल्लङ्घन गरेको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेको भनी प्रदेश सभाका

---

* पहिलो संशोधनद्धारा संशोधित

ﾑ दोस्रो संशोधनद्वारा थप गरिएको।

≡ दोस्रो संशोधनद्वारा संशोधित।

♠ दोस्रो संशोधनद्वारा संशोधित।

तत्काल कायम रहेका सम्पूर्ण सदस्यको एक चौथाई सदस्यले अध्यक्ष वा सदस्य विरुद्ध आरोपको प्रस्ताव पेश गर्न सक्ने छन्।

(३) उपदफा (२) बमोजिमको आरोपको प्रस्ताव पेश भई दर्ता भएमा त्यस्तो प्रस्तावमा उल्लिखित आधार र कारण विद्यमान भए नभएको सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेश गर्न प्रदेश सभामा एक छानबिन समिति गठन गरिनेछ।

(४) उपदफा (२) बमोजिम अध्यक्ष वा सदस्यलाई जुन कारणको आधारमा पदमुक्त गर्न निजउपर प्रस्ताव पेश गरिएको हो सोही कारण र आधार खुलाई उपदफा (३) बमोजिमको समितिले आरोपपत्र तयार गरी अध्यक्ष वा सदस्यलाई आफ्नो स्पष्टीकरण सहितको सफाई पेश गर्ने मनासिब म्याद दिई आरोपपत्र दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको म्यादभित्र अध्यक्ष वा सदस्यले स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण उपदफा (३) बमोजिमको समितिलाई मनासिब नलागेमा समितिले सोहीबमोजिम मूल्याङ्कन गरी उपदफा (२) बमोजिमको प्रस्ताव उपयुक्त भए वा नभएको निर्णय गर्नेछ।

(६) उपदफा (२) बमोजिमको समितिले उपदफा (५) बमोजिम पदमुक्त गर्ने भनी दिएको सिफारिस सहितको प्रस्ताव प्रदेश सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले पारित गरेमा त्यस्तो अध्यक्ष वा सदस्य पदमुक्त हुनेछ।

(७) उपदफा (६) बमोजिम पदमुक्त भएको व्यक्तिले त्यस्तो पदबाट पाउने कुनै सुविधा लिन र भविष्यमा कुनै पनि सार्वजनिक पदमा नियुक्ति वा मनोनित हुन सक्ने छैन।

**५. <u>पुनः नियुक्ति नहुने:</u>** (१) आयोगका अध्यक्ष तथा सदस्यको पुनः नियुक्ति हुन सक्ने छैन र निज कुनै पनि सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य हुने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा आयोगको अध्यक्ष र सदस्य देहायको पदमा नियुक्तिको लागि ग्राह्य हुन सक्ने छन्:

(क) संवैधानिक निकायको पदाधिकारीको पदमा नियुक्ति हुन,

(ख) आयोगको सदस्य अध्यक्ष पदमा नियुक्त हुन,

(ग) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानविन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्ति हुन,

(३) आयोगको सदस्य सोही आयोगको अध्यक्षमा नियुक्त हुने भएमा निजको पदावधि गणना गर्दा निज सदस्य भएको अवधिसमेतलाई जोडी गणना गरिनेछ।

६. ⊕**<u>आयोगको काम, कर्तव्य र अधिकारः</u>** (१) प्रदेश सेवाको पदमा कर्मचारी नियुक्तिका लागि उपयुक्त उम्मेदवारको छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ।

(२) प्रदेश प्रहरी सेवाको पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ।

(३) प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्नेछ।

(४) प्रदेश सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्नेछ।

(५) प्रदेश सेवाको पदमा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन।

(६) देहायका विषयमा आयोगको परामर्श लिनु पर्नेछः-

(क) प्रदेश सेवाको शर्तसम्बन्धी कानूनको विषयमा,

(ख) प्रदेश सेवाको पदमा छ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ग) कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेश अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा, र

(घ) प्रदेश निजामती सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा।"

✂.................

⊕ दोस्रो संशोधनद्वारा संशोधित।

७. **<u>सदस्यको पारिश्रमिक र सेवाका शर्त:</u>** आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका शर्त प्रदेश कानून बमोजिम हुनेछ। आयोगका अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका शर्त परिवर्तन गरिनेछैन।

तर चरम आर्थिक विश्रृंखलताका कारण संकटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुनेछैन।

८. **<u>प्रदेश आयोगको कार्यालय:</u>** (१) ≡<u>आयोगको</u> कार्य सञ्चालन तथा व्यवस्थापनको लागि आयोगको मुख्य कार्यालय वीरेन्द्रनगर सुर्खेतमा रहने छ र आवश्यकता अनुसार प्रदेशका अन्य स्थानमा कार्यालय स्थापना गर्न सकिनेछ।

(२) ⇔<u>आयोग</u> गठन हुँदाका बखत लोक सेवा आयोगका कायम रहेका कार्यालयबाट ©<u>आयोगको</u> कार्य सञ्चालन तथा व्यवस्थापन गर्न सहयोग लिन सकिने छ।

(३) ⇓<u>आयोगको</u> संगठन संरचना र कर्मचारीको दरवन्दी आयोगको सिफारिसलाई आधार लिई प्रदेश सरकारले स्वीकृत गरेबमोजिम हुनेछ।

९. **<u>आयोगको बैठक:</u>** (१) संविधान, यो ऐन र अन्य प्रचलित कानून बमोजिम आयोगले गर्नुपर्ने सबै काम आयोगको निर्णय बमोजिम हुनेछ।

®(२) आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा आयोगको वरिष्ठतम् सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(३) आयोगको अध्यक्ष र एकजना सदस्य उपस्थित भएमा आयोगको बैठक बस्न सक्नेछ।

(४) आयोगको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(५) आयोगको निर्णय आयोगको सचिवले प्रमाणित गर्नेछ।

---

✂ पहिलो संशोधनद्वारा झिकिएको।

≡ दोस्रो संशोधनद्वारा संशोधित।

⇔ दोस्रो संशोधनद्वारा संशोधित।

© दोस्रो संशोधनद्वारा संशोधित।

⇓ दोस्रो संशोधनद्वारा संशोधित।

® दोस्रो संशोधनद्वारा संशोधित।

(६) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

**१०. कार्य विभाजनः** अध्यक्ष र सदस्यको कार्य विभाजन आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

**११. कार्यवाहक भई काम गर्नेः** कुनै कारणले अध्यक्षको पद रिक्त भएमा, निज विदा बसेमा, √दफा ४ को उपदफा (२) बमोजिम निज विरुद्ध आरोपको प्रस्ताव पेश भई सोही दफाको उपदफा (६) बमोजिम प्रदेशसभाबाट निर्णय नभएसम्म वा अन्य कुनै कारणले निज आयोगमा अनुपस्थित रहेको अवस्थामा आयोगको वरिष्ठतम् सदस्यले आयोगको कार्यवाहक अध्यक्ष भई काम गर्नेछ।

**१२. कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक पर्ने कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउनेछ।

(२) आयोगमा कार्यरत कर्मचारीलाई प्रदेश सरकारले अन्य कार्यालयमा सरुवा गर्दा आयोगको सहमति लिनु पर्नेछ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ८ को उपदफा (२) बमोजिम आयोगको कार्य सञ्चालन तथा व्यवस्थापन गर्दा लोक सेवा आयोगका कार्यालयका कर्मचारीबाट गर्न सकिने छ।

परिच्छेद-३

## शैक्षिक योग्यता तथा पाठ्यक्रम

**१३. शैक्षिक योग्यता निर्धारणः** (१) ⁂प्रदेश सेवामा पूर्ति गरिने पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता सम्बन्धित सेवा, शर्त सम्बन्धी कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम शैक्षिक योग्यता निर्धारण गर्नु अघि सम्बन्धित निकायले आयोगको परामर्श लिनु पर्नेछ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उम्मेदवारले कुनै विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक

---

√ दोस्रो संशोधनद्वारा संशोधित।

⁂ दोस्रो संशोधनद्वारा संशोधित।

योग्यता सम्बन्धित सेवा, समूह वा उपसमूहको कुनै पदको लागि निर्धारण गरिएको शैक्षिक योग्यता सरह छ/छैन भन्ने द्विविधा भएमा सो सम्बन्धमा आयोगले प्रचलित कानूनको अधीनमा रही निर्णय गरेबमोजिम हुनेछ।

**१४. पाठ्यक्रम निर्माण र परीक्षण विधिः** (१) [ऋ]प्रदेश सेवाको रिक्त पदपूर्ति गर्नको लागि आयोगले लिने परीक्षाको पाठ्यक्रम, अङ्कभार, उत्तीर्णाङ्क, परीक्षण विधि, नतिजा प्रकाशन र तत्सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरी सार्वजनिक गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लिखित परीक्षाको पाठ्यक्रम, अंकभार, उत्तीर्णाङ्क, परीक्षण विधि, नतिजा प्रकाशन र तत्सम्बन्धी अन्य व्यवस्था निर्धारण गर्दा आयोगले सम्बन्धित प्रदेश मन्त्रालय, सचिवालय, स्थानीय तह र सम्बन्धित विषयको शैक्षिक संस्था तथा विशेषज्ञसँग परामर्श लिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम पाठ्यक्रम निर्माणका लागि आयोगले [∅]तोकिए बमोजिम पाठ्यक्रम निर्धारण समिति गठन गर्न सक्नेछ।

(४) यस दफाबमोजिम पाठ्यक्रम स्वीकृत गर्दा सेवा सञ्चालन गर्ने सम्बन्धित मन्त्रालय, सचिवालय, स्थानीय तहको प्रतिक्रिया लिनु पर्नेछ।

(५) यस दफा बमोजिम पाठ्यक्रम निर्माण गर्दा आवश्यकता अनुसार सम्बन्धित पदको कार्य विवरण र शैक्षिक योग्यता समेतलाई आधार लिई पाठ्यक्रम लागू हुने मिति, प्रत्येक विषयको पूर्णाङ्क, उत्तीर्णाङ्क, परीक्षा प्रणाली, परीक्षाको माध्यम भाषा, प्रश्नको अंकभार र समय समेतका कुराहरू समावेश गर्नु पर्नेछ।

[f](६) पाठ्यक्रम निर्माण र परीक्षण सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

परिच्छेद-४

## उम्मेदवार छनौट सम्बन्धी व्यवस्था

**१५. उम्मेदवार छनौट गर्ने तरिकाः** (१) प्रदेश सेवाको पदमा कर्मचारी नियुक्तिका लागि उपयुक्त उम्मेदवारको छनौट गर्दा लिखित परीक्षाको अतिरिक्त पदको

---

[ऋ] दोस्रो संशोधनद्वारा संशोधित।

[∅] दोस्रो संशोधनद्वारा थप गरिएको।

[f] दोस्रो संशोधनद्वारा थप गरिएको।

कार्य प्रकृति बमोजिम आयोगले देहायको कुनै एक वा एकभन्दा बढी परीक्षाको तरिका अपनाउन सक्नेछः-

(क) प्रयोगात्मक परीक्षा,

(ख) सीप परीक्षण,

(ग) अन्तर्वार्ता, र

(घ) आयोगले समय-समयमा तोकेका अन्य तरिका।"

(२) प्रदेश प्रहरी सेवाको पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ।

**१६. <u>परीक्षाको माध्यम भाषाः</u>** (१) आयोगले सञ्चालन गर्ने लिखित परीक्षाको माध्यम भाषा संघीय सरकारी कामकाजको भाषा हुनेछ।

(२) उपदफा (१) मा लेखिएको भाषाको अतिरिक्त अंग्रेजी वा प्रदेश कानून बमोजिम निर्धारण गरिएको सरकारी कामकाजको भाषासमेत परीक्षाको माध्यम भाषा हुन सक्नेछ।

**१७. <u>पदपूर्तिको मागः</u>** (१) ↔<u>प्रदेश सेवाको</u> रिक्त पदपूर्तिको लागि सम्बन्धित निकायले आयोगले निर्धारण गरेबमोजिमको माग फाराममा सम्बन्धित सेवा, समूह, उपसमूह, श्रेणी वा तह, पदसंख्या, कार्यविवरण र न्यूनतम योग्यता समेत उल्लेख गरी आयोगमा पठाउनु पर्नेछ।

(२) पदपूर्तिको माग सम्बन्धी अन्य व्यवस्था ∝<u>तोकिए बमोजिम</u> हुनेछ।

**१८. <u>पद संख्या निर्धारणः</u>** (१) आयोगले प्रदेश निजामती सेवाको रिक्त पदपूर्ति गर्दा **<u>त्यस्तो</u>** सेवाको शर्त सम्बन्धी कानूनमा उल्लेख भएको प्रतिशत बमोजिम पद संख्या निर्धारण गरी खुला प्रतियोगिता वा बढुवाद्वारा गर्नु पर्नेछ।

(२) प्रदेश सेवामा खुला प्रतियोगिता वा बढुवाद्वारा पदपूर्ति गर्दा लिइने परीक्षाको तरिका, परीक्षा दस्तुर, दरखास्त फारामको ढाँचा र परीक्षा सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरेबमोजिम हुनेछ।

---

↔ दोस्रो संशोधनद्वारा संशोधित।

∝ दोस्रो संशोधनद्वारा संशोधित।

परिच्छेद-५

## विज्ञापन प्रकाशन

**१९. <u>विज्ञापन प्रकाशन गर्ने:</u>** (१) आयोगले प्रदेश निजामती सेवाको रिक्त पदपूर्ति गर्नको लागि कार्यतालिका बनाई विज्ञापन प्रकाशन गर्नु पर्नेछ।

(२) दफा १८ बमोजिम पद संख्या निर्धारण भएपछि आयोगले खुला प्रतियोगिता तथा बढुवाद्वारा पदपूर्ति गर्न छुट्टाछुट्टै विज्ञापन प्रकाशन गर्नु पर्नेछ।

(३) पदपूर्तिका लागि आयोगले लिने परीक्षाको लागि विज्ञापन गर्दा विज्ञापनमा देहायको विवरण खुलाउनु पर्नेछः-

(क) रिक्त पदसंख्या, सेवा, समूह तह,

(ख) न्यूनतम शैक्षिक योग्यता, तालिम र अनुभव आवश्यक हुनेमा सो कुरा,

(ग) दरखास्त दस्तुर र परीक्षा दस्तुर,

(घ) फाराम बुझाउने म्याद, स्थान, परीक्षा हुने मिति तथा परीक्षाको तरिका,

(ङ) दरखास्त फाराम बुझाउने अन्तिम म्यादमा आवश्यक पर्ने उमेरको हद,

(च) प्रचलित कानूनबमोजिम स्थापना भएको सम्बन्धित व्यवसायिक परिषदमा दर्ता, अद्यावधिक वा नवीकरण आवश्यक हुनेमा सो कुरा,

(छ) दरखास्त पेश गर्ने तरिका,

(ज) पाठ्यक्रम, र

(झ) अन्य आवश्यक कुराहरू।

(४) उपदफा (३) बमोजिम विज्ञापन प्रकाशन गर्दा आयोगले कम्तीमा प्रदेश स्तरका दैनिक समाचारपत्र, आयोगको वेभसाइट वा आवश्यकता अनुसार सञ्चारका अन्य माध्यम मार्फत विज्ञापन प्रकाशन गर्ने वा गराउने छ।

(५) उपदफा (३) बमोजिम दरखास्त फाराम बुझाउने म्याद दिँदा पहिलो पटक विज्ञापन प्रकाशन भएको मितिले कम्तीमा एक्काइस दिन दिनु पर्नेछ।

♣(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि दरखास्त फाराम बुझाउने म्याद समाप्त भएको मितिले सात दिनभित्र परीक्षा दस्तुरको दोब्बर दस्तुर तिरी दरखास्त फाराम बुझाउन सकिनेछ।

**२०. <u>उम्मेदवारको उमेर र योग्यताको गणनाः</u>** (१) दफा १९ बमोजिम दरखास्त **<u>फाराम</u>** बुझाउने व्यक्तिको उम्मेदवार हुनको लागि प्रचलित कानूनबमोजिम पुग्नुपर्ने वा कायम हुनुपर्ने उमेर त्यस्तो दरखास्त फाराम बुझाउनको लागि दफा १९ को उपदफा (५) बमोजिम दिइएको म्यादको अन्तिम दिनसम्ममा उमेर हद पूरा भएको तथा ननाघेको हुनु पर्नेछ।

(२) उम्मेदवारको उमेरको गणना गर्दा निजले दरखास्त फाराम साथ पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्ष, नागरिकताको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा निजले पेश गरेको उमेर खुलेको अन्य आधिकारिक प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेरमध्ये जुन उमेरबाट निज पहिले जन्मिएको देखिन्छ, सोही आधारमा निजको उमेरको गणना गर्नु पर्नेछ।

(३) दफा १९ को उपदफा (५) बमोजिम दिइएको अन्तिम म्याद पछि जारी हुने शैक्षिक योग्यता, तालिम, व्यावसायिक परिषद दर्ता, सम्वद्धता र समकक्षतालाई मान्यता दिइने छैन।

(४) दफा १९ को उपदफा (५) बमोजिम दिइएको अन्तिम म्यादभित्र उपदफा (३) मा उल्लेखित शैक्षिक योग्यता, तालिम, व्यवसायिक परिषद दर्ता, सम्बद्धता, समकक्षता प्राप्त गरेको भए पनि सो म्यादभित्र जारी नभई म्याद नाघेपछि जारी भएको प्रमाण पत्रलाई मान्यता दिइने छैन।

**२१. <u>दरखास्त फाराम उपर छानविन गर्नेः</u>** (१) दफा १९ बमोजिम प्रकाशित विज्ञापन अनुसार आयोगमा प्राप्त दरखास्त फाराम विज्ञापनमा उल्लेख भएबमोजिम रित पुगे नपुगेको रुजु गर्दा रीतपूर्वकको देखिएमा सो दरखास्त स्वीकृत गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त फाराम उपर छानविन गर्दा म्याद भित्र प्राप्त नभएको वा न्यूनतम योग्यता नपुगेको वा विज्ञापनमा उल्लिखित

---

♣ पहिलो संशोधनद्धारा संशोधित।

विवरण नखुलाएको वा नमिलेको, परीक्षा दस्तुर नबुझाएको वा अन्य रीत नपुगेको पाइएमा त्यस्तो दरखास्त फाराम उपर कुनै कारबाही गरिने छैन।

(३) कुनै पनि उम्मेदवारको दरखास्त फाराम शर्त राखी स्वीकृत गरिने छैन।

२२. **<u>परीक्षा प्रवेशपत्र सम्बन्धी व्यवस्था:</u>** (१) आयोगबाट दरखास्त स्वीकृत भएपछि उम्मेदवारलाई परीक्षाको प्रवेश पत्र दिनु पर्नेछ।

(२) परीक्षा प्रवेशपत्रको ढाँचा आयोगले निर्धारण गरेबमोजिम हुनेछ।

(३) उम्मेदवारले प्रवेशपत्रमा उल्लेख भएका शर्तहरू पालन गर्नु पर्नेछ र त्यस्तो शर्तहरूको पालना नगर्ने उम्मेदवारलाई आयोगले यस ऐनको अधीनमा रही कारबाही गर्न सक्नेछ।

(४) आयोगले प्रदान गरेको परीक्षा प्रवेशपत्र हराएमा वा नासिएमा त्यस्तो व्यक्तिले प्रवेश पत्रको नक्कल माग गरेमा आयोगले तोकेको दस्तुर लिई प्रवेशपत्रको प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ।

(५) परीक्षामा प्रवेश पत्र नलिई आउने उम्मेदवारलाई परीक्षामा सहभागी गराउन आयोग बाध्य हुनेछैन।

२३. **<u>उम्मेदवारको नामावली प्रकाशन:</u>** (१) प्रत्येक विज्ञापनको लागि दरखास्त फाराम दिने दफा १९ को उपदफा (५) बमोजिमको म्याद समेत समाप्त भएपछि आयोगले दरखास्त फाराम स्वीकृत भएका सबै उम्मेदवारहरूको नामावली प्रकाशन गर्नु पर्नेछ।

(२) दरखास्त फाराम स्वीकृत गरी नामावली प्रकाशन गर्दा परीक्षा हुनुभन्दा कम्तीमा पन्ध्र दिन अगाडि स्वीकृत गरी प्रकाशन गरिसक्नु पर्नेछ।

२४. **<u>दरखास्त अस्वीकृत गर्न सक्ने:</u>** आयोगले प्रकाशन गरेको विज्ञापन बमोजिम कुनै उम्मेदवारले पेश गरेको दरखास्त तोकिएको ढाँचा बमोजिम नभएमा वा योग्यता पुगेको नदेखिएमा त्यस्तो व्यक्तिको दरखास्त फाराम अस्वीकृत हुनेछ।

तर परीक्षा प्रवेशपत्र जारी भएपछि कुनै उम्मेदवारको दरखास्त फाराम रीतपूर्वकको नदेखिएमा त्यस्तो दरखास्त फाराम रद्द गर्न बाधा पुगेको मानिनेछैन।

२५. **<u>विज्ञापन वा परीक्षा रद्द गर्न सक्नेः</u>** (१) आयोगले प्रकाशन गरेको विज्ञापन बमोजिम पदपूर्ति गर्नु नपर्ने वा पद आवश्यक नभएको भनी परीक्षा सञ्चालन हुनु अगाडि सम्बन्धित निकायले त्यस्तो विज्ञापन रद्द गर्न कारणसहित लिखित अनुरोध गरेमा आयोगले त्यस्तो विज्ञापन रद्द गर्न वा गराउन सक्नेछ।

(२) आयोगले परीक्षा सञ्चालन गरेको केन्द्रमा कुनै किसिमको अनियमितता भएमा वा कुनै बाधा अवरोध उत्पन्न भई आंशिक वा पूर्णरूपले परीक्षा सञ्चालन हुन नसकेमा आयोगले त्यसको कारण खुलाई उक्त दिनको परीक्षा वा सम्बन्धित विज्ञापनको परीक्षा आंशिक वा पूर्ण रूपमा रद्द गर्न सक्नेछ।

२६. **<u>परीक्षा दस्तुर फिर्ता पाउनेः</u>** (१) दरखास्त अस्वीकृत भएमा वा विज्ञापन रद्द भएमा त्यस्तो विज्ञापनको लागि आयोगले लिएको परीक्षा दस्तुर सम्बन्धित व्यक्तिले फिर्ता पाउनेछ।

(२) उपदफा (१) बमोजिम परीक्षा दस्तुर फिर्ता पाउने व्यक्तिले आयोगले तोकेको अवधिभित्र परीक्षाको प्रवेशपत्र वा दस्तुर बुझाएको रसिदसहित तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

परिच्छेद-६

## <u>प्रश्नपत्र निर्माण र परीक्षा सञ्चालन</u>

२७. **<u>प्रश्न निर्माणः</u>** (१) आयोगले सञ्चालन गर्ने परीक्षाको लागि आवश्यक पर्ने प्रश्न निर्माण र परिमार्जन आयोगले निर्धारण गरेको मापदण्ड बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रश्न निर्माण गर्ने विषय विज्ञको योग्यता, निजले पालन गर्नु पर्ने शर्त एवं अन्य व्यवस्था आयोगले निर्धारण गरेबमोजिम हुनेछ।

(३) आयोगले परीक्षाको लागि प्रश्नको निर्माण गर्दा सम्बन्धित विषयका दक्ष वा विशेषज्ञद्वारा गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रश्नको निर्माण गर्ने दक्ष वा विशेषज्ञलाई सम्बन्धित विषयको पाठ्यक्रम, नमूना प्रश्न, प्रश्न निर्माणसम्बन्धी अन्य आवश्यक विवरणसमेत गोप्य रूपले उपलब्ध गराउनु पर्नेछ।

(५) पाठ्यक्रमले निर्धारण गरेको प्रश्न र अंकभार अनुरूप सम्भव भएसम्म सम्बन्धित क्षेत्रका दक्ष वा विशेषज्ञद्वारा शैक्षिक योग्यता र पदको स्तरअनुसार निर्माण गर्नु पर्नेछ।

⊗..............

(७) आयोगले प्रत्येक विषयको प्रश्न निर्माण गर्दा अलग-अलग विज्ञबाट कम्तीमा पाँच सेट तयार गराउनु पर्नेछ।

(८) आयोगको वार्षिक कार्यतालिका अनुसार रिक्त पदको माग प्राप्त हुने समय र प्रश्नपत्र भण्डारमा मौज्दातको अवस्था समेतलाई दृष्टिगत गरी प्रश्न निर्माण गराउनु पर्नेछ।

(९) प्रश्नपत्र निर्माण गर्दा सम्भव भएसम्म सबै पाठ्यांश (खण्ड, समूह,उपसमूह) बाट प्रश्न समावेश गरी पाठ्यक्रममा निर्धारित समयभित्र उम्मेदवारले उत्तर लेख्न सक्ने किसिमको हुनु पर्नेछ।

+(१०) प्रश्नपत्र निर्माण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२८. <u>प्रश्नको परिमार्जनः</u>** (१) दफा २७ बमोजिम निर्माण गरिएका प्रश्नको परिमार्जन (**<u>मोडरेशन</u>**) आवश्यकता अनुसार एक वा एक भन्दा बढी दक्ष वा विशेषज्ञद्वारा गराउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रश्नपत्र परिमार्जन गराउँदा दुई वा सोभन्दा बढी दक्ष वा विशेषज्ञको समूहबाट अलग-अलग रूपमा गराउन सकिनेछ।

(३) उपदफा (१) बमोजिम प्रश्नको परिमार्जन गर्दा सम्भव भएसम्म सबै पाठ्यांश (खण्ड, समूह, उपसमूह) बाट प्रश्न समावेश गरी पाठ्यक्रममा निर्धारित समयभित्र उम्मेदवारले उत्तर लेख्न सक्ने किसिमले गर्नु पर्नेछ।

(४) प्रश्न परिमार्जन गर्दा देहायका कुराहरूमा ध्यान दिनु पर्नेछः-

(क) विवादास्पद तथा द्विविधायुक्त प्रश्न नराख्ने,

(ख) पाठ्यक्रमभन्दा बाहिरका प्रश्न नराख्ने,

---

⊗ दोस्रो संशोधनद्वारा झिकिएको।

+ दोस्रो संशोधनद्वारा थप गरिएको।

(ग) सम्बन्धित पद (श्रेणी वा तह) को स्तरसँग मिल्ने किसिमका प्रश्न राख्ने,

(घ) प्रश्नपत्रको सेट तयार गर्दा एक सेटभित्र रहने प्रश्नहरू नदोहोरिने गरी तयार गर्ने,

(ङ) प्रश्नको परिमार्जन सम्बन्धमा आयोगले तोकेको अन्य कार्यविधिको पालना गर्ने।

(५) प्रश्न परिमार्जन गर्दा प्रयोग नभएका वा प्रयोग गर्न अनुपयुक्त देखिएका प्रश्नहरू सम्बन्धित शाखाले तत्काल धुल्याउनु पर्नेछ।

(६) कुनै एक विज्ञापनबमोजिम हुने परीक्षाको लागि सामान्यतया प्रत्येक विषयको कम्तीमा तीन सेट परिमार्जित प्रश्नपत्र निर्माण गर्नु गराउनु पर्नेछ।

(७) आफू वा आफ्नो नातेदार आयोगद्वारा सञ्चालित परीक्षामा उम्मेदवार रहेको कुनै पनि कर्मचारीलाई प्रश्नपत्र परिमार्जन कार्यमा खटाइने छैन।

२९. **<u>प्रश्न पत्रको भण्डारण तथा छपाईः</u>** (१) दफा २८ बमोजिम परिमार्जन गरिएका प्रश्नपत्रको भण्डारण गर्न आयोगमा प्रश्नपत्र भण्डार रहनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रश्नपत्र भण्डार आयोगले तोकेको अधिकृत स्तरको कर्मचारीको जिम्मामा रहनेछ।

(३) प्रश्नपत्रको छपाइ सम्बन्धी काम आयोगले तोकेको कर्मचारीले अति गोप्य तरिकाले गर्नु पर्नेछ।

## परिच्छेद - ७

## <u>लिखित परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन सम्बन्धी व्यवस्था</u>

३०. **<u>लिखित परीक्षा सञ्चालनः</u>** (१) आयोगले पद पूर्तिको लागि प्रकाशन गरेको विज्ञापन बमोजिम उम्मेदवारको छनौट गर्न सोही विज्ञापनमा उल्लेख भएबमोजिम लिखित परीक्षा सञ्चालन गर्नेछ।

(२) परीक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरेबमोजिम हुनेछ ।

३१. **<u>विभिन्न चरणमा परीक्षा लिन सकिनेः</u>** (१) आयोगले प्रदेश सेवाका पदमध्ये आयोगले तोकेको कुनै सेवा, समूह तथा उपसमूहको कुनै पदको लागि संयुक्त वा छुट्टाछुट्टै वा विभिन्न चरणमा परीक्षा लिन सक्नेछ।

(२) विभिन्न चरणमा परीक्षा लिने सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरेबमोजिम हुनेछ।

**३२. लिखित परीक्षाको व्यवस्थापनः** (१) लिखित परीक्षा सञ्चालन गर्नको लागि मिति र समय निर्धारण गर्दा परीक्षा भवनको उपलब्धता लगायतका पक्षहरूलाई विचार गरी निर्धारण गर्नु पर्नेछ।

(२) धेरै उम्मेदवार भएको विज्ञापनको लागि सामान्यतया दुईसय जना उम्मेदवारका लागि एक परीक्षा केन्द्र तोक्नु पर्नेछ।

(३) लिखित परीक्षामा केन्द्राध्यक्ष खटाउँदा सामान्यतया परीक्षा हुने श्रेणी वा तहभन्दा कम्तीमा एकतह माथिको अधिकृत कर्मचारीलाई तोक्नु पर्नेछ।

(४) लिखित परीक्षामा उपलब्ध भएसम्म उपकेन्द्राध्यक्ष र सहायक केन्द्राध्यक्ष समेत राजपत्राङ्कित कर्मचारीलाई खटाउनु पर्नेछ।

**३३. विभागीय कारबाहीको लागि लेखी पठाउनेः** (१) यस ऐन बमोजिमको परीक्षा सञ्चालनमा संलग्न कर्मचारीले परीक्षा केन्द्रमा कुनै अनियमित काम कारबाही गरेमा आयोगले त्यस्तो कर्मचारीलाई तत्काल कामबाट हटाई विभागीय कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम विभागीय कारबाहीको लागि लेखी आएमा अख्तियारवालाले तीन महिनाभित्र सम्बन्धित कर्मचारीलाई निजको सेवा शर्तसम्बन्धी कानूनबमोजिम विभागीय कारवाही गरी सो को जानकारी आयोगलाई दिनु पर्नेछ।

(३) आयोगले सञ्चालन गरेको परीक्षामा संलग्न कर्मचारी बाहेक अन्य व्यक्तिले परीक्षा केन्द्रमा कुनै अनियमित काम कारबाही गरेमा त्यस्तो व्यक्तिलाई तत्काल सो काम र स्थानबाट हटाउनु पर्नेछ।

(४) आयोगले उपदफा (३) बमोजिम हटाईएको व्यक्तिको अभिलेख राखी भविष्यमा त्यस्तो व्यक्तिलाई आयोगबाट सञ्चालन हुने परीक्षासम्बन्धी काममा संलग्न हुन नपाउने गरी रोक लगाउन सक्नेछ।

(५) आयोगले उपदफा (१) र (३) बमोजिम हटाइएको व्यक्तिको विवरण सार्वजनिक गर्नु पर्नेछ।

३४. <u>**उत्तरपुस्तिकामा सङ्केत नम्बर राख्न पर्ने:**</u> (१) आयोगले लिने लिखित वा प्रयोगात्मक परीक्षा सम्पन्न भएपछि आयोगले निर्धारण गरेबमोजिम उत्तरपुस्तिकामा सङ्केत नम्बर राख्नु पर्नेछ।

(२) विद्युतीय प्रणालीबाट उत्तरपुस्तिका परीक्षण गर्ने प्रयोजनको लागि उत्तरपुस्तिकामा बारकोडको प्रयोग गर्न सकिनेछ।

३५. <u>**उत्तरपुस्तिका परीक्षण:**</u> (१) दफा ३४ बमोजिम उत्तरपुस्तिकामा सङ्केत नम्बर राखी सकेपछि विषयविज्ञ वा दक्षद्वारा उत्तरपुस्तिकाको परीक्षण गराउनु पर्नेछ।

(२) उत्तरपुस्तिकाको परीक्षण गर्ने विषयविज्ञ वा दक्षको योग्यता, पालना गर्नु पर्ने शर्त वा उत्तरपुस्तिका परीक्षण गर्ने सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरेबमोजिम हुनेछ।

३६. <u>**उत्तरपुस्तिका रुजु:**</u> (१) दफा ३५ बमोजिम दक्ष वा विशेषज्ञबाट परीक्षण भई प्राप्त <u>**भएका**</u> उत्तरपुस्तिका रुजु गर्नु पर्नेछ।

(२) उत्तरपुस्तिका रुजु गर्दा देहायका कुराहरूलाई ध्यान दिनु पर्नेछः-

(क) उम्मेदवारले लेखेको सबै प्रश्नको उत्तर परीक्षण गरी अङ्क दिइएको छ छैन,

(ख) परीक्षकले दिएका सबै अङ्कहरू ठीक सँग जोडिएको छ छैन, र

(ग) आयोगले निर्धारण गरेका अन्य कुराहरू।

३७. <u>**उत्तरपुस्तिकाको सम्परीक्षण तथा पुनःपरीक्षण:**</u> (१) आयोगले आवश्यक देखेमा सम्बन्धित विषयको दक्ष वा विशेषज्ञबाट परीक्षण भई प्राप्त भएका उत्तरपुस्तिका मध्ये सबै वा केही उत्तरपुस्तिका सम्परीक्षण गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उत्तरपुस्तिका सम्परीक्षण गर्दा दक्ष वा विशेषज्ञले पालना गर्नु पर्ने शर्तहरू पालना भएको नपाइएमा त्यस्ता उत्तरपुस्तिकाको पुनः परीक्षण गराउनु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि लिखित परीक्षाको नतिजा प्रकाशन भएपछि उत्तरपुस्तिकाको पुनःपरीक्षण गरिने छैन।

३८. <u>**सीप परीक्षण र प्रयोगात्मक परीक्षाको मूल्याङ्कन:**</u> (१) सीप परीक्षण र प्रयोगात्मक परीक्षाको मूल्याङ्कनको लागि अध्यक्षले तोकेको सदस्य वा

आयोगको अधिकृत कर्मचारीको अध्यक्षतामा सम्बन्धित विषयको दक्ष वा विशेषज्ञ र अन्य एकजना व्यक्ति सदस्य रहेको एक मूल्याङ्कन समिति रहनेछ।

तर विज्ञले परीक्षा दिएकै समयमा अंक प्रदान गर्नु पर्ने परीक्षामा मूल्याङ्कन समिति गठन गर्नु पर्ने छैन।

(२) सीप परीक्षण र प्रयोगात्मक परीक्षाको मूल्याङ्कन सम्बन्धी तरिका र विधि आयोगले निर्धारण गरेबमोजिम हुनेछ।

**३९. <u>लिखित वा प्रयोगात्मक परीक्षाको नतिजाः</u>** (१) आयोगले लिखित वा प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशन गर्दा त्यस्तो परीक्षामा उत्तीर्ण भएका उम्मेदवारमध्ये रिक्त पदको अनुपातमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको वर्णानुक्रम अनुसार तोकिएको ढाँचामा नतिजा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नतिजा प्रकाशन गर्दा अन्तर्वार्ता तथा विभिन्न चरणमा लिइने अन्य परीक्षाको कार्यक्रम र मितिसमेत उल्लेख गर्नु पर्नेछ।

(३) लिखित परीक्षाको नतिजा प्रकाशन भएको मितिले [Ψ]<u>दुई महिनाभित्र</u> सिफारिस गरिसक्ने गरी अन्तर्वार्ता कार्यक्रम तोक्नु पर्नेछ।

**४०. <u>पुनर्योगः</u>** (१) आयोगले सञ्चालन गरेको लिखित परीक्षाको नतिजा प्रकाशन भएपछि कुनै उम्मेदवारले आफ्नो लिखित परीक्षाको कुनै एक वा सबै पत्रको पुनर्योग गरी पाउँ भनी पुनर्योग गर्नु पर्ने पत्र उल्लेख गरी सो पदका लागि तोकिएको परीक्षा दस्तुरको आधा दस्तुर संलग्न राखी लिखित परीक्षाको नतिजा प्रकाशन भएको सात दिनभित्र निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा त्यस्तो लिखित परीक्षाको नतिजा प्रकाशनमा संलग्न बाहेक अन्य कर्मचारीबाट प्राप्ताङ्क पुनर्योग गरी सो को नतिजा सार्वजनिक गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पुनर्योग गर्दा निवेदकको नाम लिखित परीक्षाको नतिजामा समावेश गर्नु पर्ने देखिएमा लिखित परीक्षाको नतिजामा समावेश गरी संशोधित सूचना प्रकाशन गर्नु पर्नेछ।

---

[Ψ] दोस्रो संशोशनद्वारा संशोधित।

परिच्छेद - ८

## अन्तर्वार्ता तथा सिफारिस

४१. **अन्तर्वार्ता समिति गठनः** (१) आयोगले प्रदेश सेवाको रिक्त पदमा पदपूर्तिको लागि उम्मेदवारको छनौट गर्न लिइने अन्तर्वार्ता समितिमा पदपूर्ति हुने पदभन्दा एक तह माथिको अधिकृत स्तरको पदको व्यक्ति सहित कम्तीमा तीन जना रहने छन्।

(२) उपदफा (१) बमोजिम अन्तर्वार्ता समिति गठन गर्दा अध्यक्ष वा निजले तोकेको सदस्यको अध्यक्षतामा गठन गर्नु पर्नेछ।

तर सहायक स्तरका पदमा आयोगको कर्मचारीको अध्यक्षतामा अन्तर्वार्ता समिति गठन गर्न बाधा पर्ने छैन।

(३) उपदफा (१) बमोजिमको अन्तर्वार्ता समितिमा सम्बन्धित क्षेत्रको एक जना विषयविज्ञ रहने गरी गठन गर्नु पर्नेछ।

४२. **अन्तर्वार्ताको मूल्याङ्कन सम्बन्धी व्यवस्थाः** (१) अन्तर्वार्तामा उम्मेदवारको मूल्याङ्कन गर्नको लागि [&]तोकिए बमोजिमको फाराम प्रयोग गर्नु पर्नेछ।

(२) अन्तर्वार्ताको अङ्कभार लिखित परीक्षाको कुल पूर्णाङ्कको बढीमा [♣]बीस प्रतिशत हुनेछ।

(३) अन्तर्वार्ता समितिको अध्यक्ष वा सदस्यको अन्तर्वार्तामा भाग लिने कुनै उम्मेदवारसँग नजिकको नाता भएमा अन्तर्वार्ता समितिको त्यस्तो अध्यक्ष वा सदस्यले उक्त विज्ञापनको अन्तर्वार्तामा बस्न हुँदैन। नजिकको नाता भएको कुरा नतिजा प्रकाशन हुनु भन्दा अघि प्रमाणित भएमा सो अन्तर्वार्ताकर्ताले प्रदान गरेको अङ्क गणना गरिने छैन।

(४) अन्तर्वार्ता समितिको प्रत्येक सदस्यलाई अन्तर्वार्ता हुने पदको विवरण, पाठ्यक्रम र अन्तर्वार्तासम्बन्धी अन्य विवरण उपलब्ध गराउनु पर्नेछ।

(५) अन्तर्वार्तामा पूर्णाङ्कको सत्तरी प्रतिशतभन्दा बढी वा पचास प्रतिशतभन्दा घटी अङ्क दिनु परेमा सो को कारण खुलाउनु पर्नेछ । यसरी

---

[&] दोस्रो संशोधनद्वारा संशोधित।

[♣] दोस्रो संशोधनद्वारा संशोधित।

कारण नखुलाई अधिकतम भन्दा बढी वा न्यूनतम भन्दा घटी अङ्क दिएकोमा बढीमा सत्तरी प्रतिशत र घटीमा पचास प्रतिशत अङ्क दिएको मानी गणना गर्नु पर्नेछ।

[Ψ](६) अन्तर्वार्ता समितिको कुनै सदस्यले कारण खुलाई कुनै उम्मेदवारलाई उपदफा (५) बमोजिम सत्तरी प्रतिशत भन्दा बढी वा चालीस प्रतिशत भन्दा घटी अङ्क प्रदान गरेको अवस्थामा अन्तर्वार्ता समितिको पचास प्रतिशत भन्दा बढी सदस्यले कारण खुलाई अङ्क प्रदान गरेको अवस्थामा मात्र मान्य हुनेछ। त्यसरी कारण नखुलाएको अवस्थामा बढीमा सत्तरी प्रतिशत र घटीमा चालीस प्रतिशत अङ्क मानी गणना गरिनेछ।

**४३. <u>अग्रिम वा छुट अन्तर्वार्ता लिन सकिने:</u>** (१) लिखित वा प्रयोगात्मक परीक्षाको प्रकाशित नतिजामा समावेश भएको कुनै उम्मेदवारले मनासिव कारण जनाई अन्तर्वार्ताको लागि तोकिएको मितिभन्दा अगाडि नै अन्तर्वार्ता लिइदिन सो को कारण उल्लेख गरी निवेदन दिएमा र निवेदनको व्यहोरा मनासिव देखिएमा आयोगले त्यस्तो व्यक्तिको लागि अग्रिम अन्तर्वार्ता लिने व्यवस्था गर्न सक्नेछ।

(२) कुनै उम्मेदवारले देहायको अवस्थामा अन्तर्वार्ताको लागि आयोगबाट निर्धारण भएको मिति र समयमा उपस्थित हुन नसकेमा सो को प्रमाण सहित अन्तर्वार्ताका लागि तोकिएको मितिले सुत्केरी, किरिया बस्नु परेको हकमा पन्ध्र दिन र अन्य अवस्थाको हकमा सात दिनभित्र निवेदन दिएमा आयोगले निवेदनको व्यहोरा मनासिव देखेमा छुट अन्तर्वार्ता लिने व्यवस्था गर्न सक्नेछ:-

(क) काबू बाहिरको परिस्थिति परेमा,

(ख) किरिया बस्नु परेमा,

(ग) सुत्केरी भएमा,

(घ) अन्तर्वार्तामा उपस्थित हुन नसक्ने गरी आकस्मिक बिरामी भएमा।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रयोगात्मक परीक्षा वा आयोगले तोकेका अन्तिम चरणका अन्य परीक्षामा अनुपस्थित रहेको उम्मेदवारलाई अन्तर्वार्तामा समावेश गराईने छैन।

(४) अग्रिम तथा छुट अन्तर्वार्तामा समावेश हुने उम्मेदवारले आयोगले निर्धारण गरेबमोजिमको दस्तुर बुझाउनु पर्नेछ।

---

[Ψ] दोस्रो संशोधनद्वारा संशोधित।

(५) अन्तर्वार्ता सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरेबमोजिम हुनेछ।

४४. **प्रमाण पत्र पेश गर्नु पर्नेः** (१) लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूले प्रयोगात्मक परीक्षा, अन्तरवार्ता वा आयोगले निर्धारण गरेका अन्य परीक्षा हुनेमा परीक्षा हुनु भन्दा अगाडि आयोगमा प्रमाणपत्रको सक्कल प्रति र सो को प्रमाणित प्रतिलिपि दुई प्रति दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश गरेको प्रमाण पत्र रुजु गर्दा सेवामा प्रवेश पाउने उद्देश्यले शैक्षिक योग्यता, उमेर, नागरिकता, अनुभव आदि ढाँटेको देखिएमा वा विज्ञापन भएको पदको निमित्त तोकिए बमोजिम योग्यता नभएको पाइएमा त्यस्तो उम्मेदवारलाई अन्तर्वार्तामा समावेश गराइने छैन र निजको दरखास्त रद्द हुनेछ।

४५. **कार्यालय रोजाउनु पर्नेः** ✂.......... लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूलाई अन्तर्वार्ता दिनुअघि कार्यालय रोजाउनु पर्नेछ।

४६. **योग्यताक्रमको सूची प्रकाशन गर्नेः** (१) आयोगले ≡प्रदेश सेवामा पदपूर्तिका लागि उम्मेदवारको छनौट सम्बन्धी परीक्षामा सम्पूर्ण प्रक्रिया सम्पन्न भएपछि सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको रोल नम्बर, नाम, थर, बाबु, बाजेको नाम, ठेगाना र सिफारिस गरिएको निकायसमेत उल्लेख गरी योग्यताक्रम अनुसार खुला र समावेशी तर्फ समेतको अन्तिम नतिजा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम योग्यताक्रमको सूची तयार गर्दा उम्मेदवारहरूको कूल प्राप्ताङ्क बराबर भएमा देहायका आधारमा योग्यताक्रम कायम गरिनेछः-

(क) लिखित परीक्षा हुनेमा लिखित परीक्षाको प्राप्ताङ्कका आधारमा,

(ख) लिखित परीक्षा र प्रयोगात्मक परीक्षा हुनेमा खण्ड (क) बमोजिम योग्यताक्रम नछुट्टिएमा प्रयोगात्मक परीक्षाको प्राप्ताङ्कका आधारमा,

---

✂ पहिलो संशोधन द्वारा झिकिएको।

≡ दोस्रो संशोधनद्वारा संशोधित।

(ग) खण्ड (ख) बमोजिम पनि उम्मेदवारको योग्यताक्रम नछुट्टिएमा अन्तर्वार्ताको प्राप्ताङ्कका आधारमा,

(घ) खण्ड (ग) बमोजिम पनि उम्मेदवारको योग्यताक्रम नछुट्टिएमा सम्बन्धित पदको सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्राप्त अङ्कको प्रतिशत वा ग्रेडिङ स्तरको आधारमा,

(ङ) खण्ड (घ) बमोजिम पनि उम्मेदवारहरूको योग्यताक्रम नछुट्टिएमा विज्ञापन गरिएको पदभन्दा एक तह मुनिको पदमा बहाल रहेको व्यहोरा दरखास्त फाराममा उल्लेख गरेको भए त्यस्तो पदको ज्येष्ठताका आधारमा,

(च) खण्ड (ङ) बमोजिम पनि उम्मेदवारहरूको योग्यताक्रम नछुट्टिएमा वा खण्ड (घ) बमोजिम योग्यताक्रम नछुट्टीएका उम्मेदवारको हकमा उमेरको ज्येष्ठताका आधारमा,

(३) उपदफा (२) मा उल्लिखित आधार बमोजिम पनि उम्मेदवारहरूको योग्यताक्रम नछुट्टिएमा आयोगले निर्धारण गरेबमोजिम योग्यताक्रम कायम गरी अन्तिम नतिजा प्रकाशन गरिनेछ।

(४) उपदफा (३) बमोजिम अन्तिम नतिजा प्रकाशन गर्दा आयोगले लिएको समानस्तरको एकभन्दा बढी पदको परीक्षामा उत्तीर्ण हुने उम्मेदवारलाई दोहोरो नपर्ने गरी पहिले नतिजा प्रकाशन हुने एक पदमा मात्र सिफारिश गर्नु पर्नेछ।

(५) यस दफाबमोजिम आन्तरिक प्रतियोगिताको आधारमा हुने बढुवाको योग्यताक्रम सूची प्रकाशन गर्नु अगाडि कुनै उम्मेदवार उपर बढुवाको उम्मेदवार हुन नपाउने गरी विभागीय सजाय भएको आधिकारिक जानकारी हुन आएमा त्यस्तो उम्मेदवारको नाम हटाई योग्यताक्रम सूची प्रकाशन गर्नुपर्नेछ।

(६) योग्यताक्रमको सूची प्रकाशन सम्बन्धी अन्य व्यवस्था ®<u>तोकिए बमोजिम</u> हुनेछ।

---

® दोस्रो संशोधनद्वारा संशोधित।

**४७. <u>एकमुष्ट योग्यताक्रमको सूची प्रकाशन गर्ने:</u>** दफा ४६ बमोजिम योग्यताक्रमको सूची प्रकाशन गर्दा एउटै परीक्षाको माध्यमबाट सिफारिस हुने आन्तरिक, खुला तथा समावेशी समूहका उम्मेदवारले प्राप्त गरेको कूल अंकको आधारमा सेवा, समूह, उपसमूहको एकमुष्ट योग्यताक्रम सूची समेत तयार गरी प्रकाशन गर्नु पर्नेछ।

**४८. <u>उम्मेदवारले आफ्नो कूल प्राप्ताङ्क हेर्न पाउने:</u>** अन्तर्वार्तामा उपस्थित भएका **<u>उम्मेदवारहरूले</u>** सबै परीक्षाबाट प्राप्त गरेको कूल प्राप्ताङ्क अन्तिम योग्यताक्रम सूची प्रकाशन भएको मितिले सात दिनपछिबाट सात दिनसम्म उम्मेदवार आफूले मात्र हेर्न सक्ने गरी आयोगले व्यवस्था गर्न सक्नेछ।

**४९. <u>वैकल्पिक उम्मेदवारको सूची:</u>** (१) दफा ४६ बमोजिम उम्मेदवारको योग्यताक्रम अनुसार अन्तिम नतिजा प्रकाशन गर्दा आयोगले निर्धारण गरेबमोजिमको सङ्ख्यामा वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि, वैकल्पिक उम्मेदवारको सूची प्रकाशन गर्दा पर्याप्त सङ्ख्यामा उम्मेदवार उपलब्ध हुन नसकेमा सो अनुसूचीमा उल्लेख भएको भन्दा कम सङ्ख्यामा पनि उम्मेदवारको वैकल्पिक सूची प्रकाशन गर्न सकिनेछ। खुला र समावेशी समूहको एकमुष्ट योग्यताक्रम प्रकाशन हुने विज्ञापनमा एउटै सेवा, समूह, उपसमूह वा श्रेणीको पछिल्लो विज्ञापनबाट सिफारिस हुने उम्मेदवारको नाम अघिल्लो विज्ञापनको वैकल्पिक सूचीमा समावेश नगरी क्रमशः निजभन्दा पछिल्लो क्रमको उम्मेदवारको नाम समावेश गरी वैकल्पिक सूची प्रकाशन गर्न सकिनेछ।

**५०. <u>नियुक्तिको लागि सिफारिस गर्ने:</u>** (१) आयोगले नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिस पठाउँदा सम्बन्धित उम्मेदवारले बुझाएको एक प्रति दरखास्त फाराम र सो साथ पेश भएका प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरू समेत पठाउनु पर्नेछ।

(२) आयोगले ↔<u>सहायक स्तर</u> पदको नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिस गर्दा देहायका आधारमा गर्नुपर्नेछः-

---

↔ दोस्रो संशोधनद्वारा संशोधित।

(क) योग्यताक्रम अनुसार उम्मेदवारले रोजेको प्राथमिकताको कार्यालय, तर एकभन्दा बढी उम्मेदवारले एउटै कार्यालय रोजेको अवस्थामा पहिलो योग्यताक्रममा रहेको उम्मेदवारले प्राथमिकता पाउनेछ ।

(ख) उम्मेदवारले रोजेको कार्यालय बाँकी नरहे वा कुनै पनि कार्यालय रोजेको नभएमा त्यस्ता उम्मेदवारलाई योग्यताक्रमानुसार घर पायकको कार्यालय ।

**५१. <u>वैकल्पिक उम्मेदवार सिफारिसः</u>** (१) आयोगले देहायको अवस्थामा वैकल्पिक उम्मेदवारको सूचीमा रहेका उम्मेदवारलाई योग्यताक्रम अनुसार नियुक्तिको लागि सिफारिस गर्नुपर्नेछः-

(क) नियुक्तिको लागि सिफारिस गरिएको उम्मेदवारले नियुक्तिको सूचना पाएको वा सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र नियुक्ति पत्र नलिएमा,

(ख) नियुक्तिको लागि सिफारिस गरिएको उम्मेदवारले नियुक्ति बुझिलिएको मितिले प्रचलित कानूनबमोजिमको अवधिभित्र सम्बन्धित कार्यालयमा बहाली नगरेको आधारमा अख्तियारवालाले निजको नियुक्ति बदर गरेमा,

(ग) आयोगबाट नियुक्तिको लागि सिफारिस गरिएको कुनै उम्मेदवार सिफारिस हुँदाका बखत प्रचलित नेपाल कानून बमोजिम अयोग्य रहेको कुरा सिफारिस भई सके पश्चात मात्र जानकारी हुन आई आयोगबाट त्यस्तो उम्मेदवारको सिफारिस रद्द भई अख्तियारवालाले निजको नियुक्ति बदर गरेमा,

(घ) नियुक्तिको लागि सिफारिस गरिएको उम्मेदवारको सिफारिस भएको मितिले एक वर्षभित्र मृत्यु भई वा निजले नियुक्ति लिएको पदबाट राजिनामा दिई वा निजको अन्य पदमा नियुक्ति भई वा अन्य कुनै कारणले निजले नियुक्ति लिएको पद रिक्त हुन आएमा, र

(ङ) नियुक्तिको लागि सिफारिस भएको उम्मेदवारले सम्बन्धित कार्यालयमा आफैं उपस्थित भई नियुक्ति नलिने ब्यहोराको निवेदन पेश गरी सनाखत गरेमा ।

(२) यस उपदफा बमोजिमको कुनै अवस्था परेमा अख्तियारवालाले पद रिक्त भएको मितिले सात दिनभित्र आयोगलाई जानकारी दिनु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पद रिक्त भएको सात दिनभित्र जानकारी दिन नसकेको मनासिव कारण सहित अख्तियारवालाबाट लेखी आएमा आयोगले वैकल्पिक सूचीमा रहेको उम्मेदवारलाई योग्यताक्रम अनुसार नियुक्तिको लागि सिफारिस गर्न सक्नेछ।

तर आयोगले नियुक्तिको लागि सिफारिस गरेको एक वर्ष नाघेपछि लेखी आएमा वैकल्पिक उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गर्न पाइने छैन।

**५२.** **<u>अस्थायी उम्मेदवारको सूची प्रकाशनः</u>** (१) दफा ४६ को उपदफा (१) बमोजिम योग्यताक्रमको सूची प्रकाशन गर्दा खुला माग पद संख्याको बीस प्रतिशत उम्मेदवारहरू समावेश गरी देहाय बमोजिम अस्थायी उम्मेदवारको सूची प्रकाशन गर्नुपर्नेछः–

(क) खुला प्रतियोगितातर्फ अन्तर्वार्तामा समावेश भएका तर वैकल्पिक उम्मेदवारको सूचीमा समावेश हुन नसकेका सवै,

(ख) लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट हुन नसकेका तर उत्तीर्णाङ्क प्राप्त गरेकाहरूमध्येबाट योग्यताक्रमको आधारमा,

तर अस्थायी पदपूर्तिका लागि आयोगमा अनुरोध भई आएको अवस्थामा सो भन्दा बढी संख्यामा उम्मेदवारको नाम समावेश गर्न बाधा पर्नेछैन।

(२) *<u>उपदफा (१)</u> बमोजिम बीस प्रतिशतसम्म उम्मेदवारहरूको नाम समावेश गर्दा एकजना मात्र उम्मेदवार हुने भएमा कम्तीमा दुई जना उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ।

(३) यस दफाबमोजिम अस्थायी नियुक्तिको प्रयोजनको लागि सूची प्रकाशन गर्दा प्रयोगात्मक परीक्षा हुने पदको हकमा त्यस्तो परीक्षामा अनुत्तीर्ण उम्मेदवारको नाम समावेश गरिने छैन।

**५३.** **<u>अस्थायी नियुक्तिको लागि सिफारिस गर्नेः</u>** (१) सेवा, समूह तथा उपसमूहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम अस्थायी नियुक्तिको लागि आयोगमा माग

---

* पहिलो संशोधनद्वारा संशोधित।

भई आएमा आयोगले वैकल्पिक उम्मेदवारको सूचीमा नाम समावेश भई स्थायी नियुक्ति हुन नसकेका र अस्थायी उम्मेदवारको सूचीमा रहेका उम्मेदवारहरू मध्येबाट योग्यताक्रमको आधारमा सिफारिस गर्नेछ।

(२) वैकल्पिक तथा अस्थायी सूचीमा समावेश भएका उम्मेदवारको सङ्ख्याभन्दा अस्थायी नियुक्तिको लागि माग भएको सङ्ख्या बढी भएमा आयोगले सो भन्दा अघिल्लो विज्ञापनमा वैकल्पिक तथा अस्थायी सूचीमा रहेको उम्मेदवारलाई समेत अस्थायी नियुक्तिको लागि सिफारिस गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम अस्थायी नियुक्तिको लागि सिफारिस गर्दा बढीमा [ℜ]<u>एक वर्षसम्मको</u> लागि सिफारिस गर्नुपर्नेछ।

परिच्छेद-९

## <u>परामर्शसम्बन्धी व्यवस्था</u>

**५४. <u>विभागीय सजाय सम्बन्धमा आयोगको परामर्श लिदा अपनाउनु पर्ने कार्यविधिः</u>** (१) प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति तथा बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा र प्रदेश सेवाको पदमा, नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिंदा सो सम्बन्धमा आयोगले जारी गरेको सिद्धान्त बमोजिम सेवा, समूह सञ्चालन गर्ने मन्त्रालय वा सम्पर्क मन्त्रालय मार्फत माग गर्नु पर्नेछ।

[Σ](१क) प्रदेश निजामती सेवा, प्रदेशसभा सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा आयोगको परामर्श लिंदा सेवा शर्तसम्बन्धी प्रचलित कानूनमा तोकिएको प्रक्रिया पूरा गरी सजाय गर्ने अधिकारीको निर्णयसहित सक्कलै फाइल आयोगमा पठाउनु पर्नेछ।"

(२) विभागीय सजायको कारवाही गर्दा देहाय बमोजिम गरेको हुनु पर्नेछः-

---

[ℜ] दोस्रो संशोधनद्वारा संशोधित।

[Σ] दोस्रो संशोधनद्वारा थप गरिएको।

(क) विभागीय सजायको लागि सेवा, समूह सम्बन्धी प्रचलित कानून बमोजिम सजाय गर्न अधिकार प्राप्त अधिकारीले कसूर र सजाय प्रस्ताव गरेको,

(ख) सम्बन्धित कर्मचारीलाई लगाइएको अभियोग र सजाय कुन कानून अन्तर्गतको हो सो कुरा स्पष्ट खुलाएको,

(ग) सजाय प्रस्ताव गर्नुपूर्व सम्बन्धित कर्मचारीलाई आफ्नो सफाइ पेश गर्नको लागि सेवासम्बन्धी कानून बमोजिम मौका दिएको,

(घ) अधिकार प्राप्त अधिकारीले सम्बन्धित कर्मचारीले दिएको सफाइ वा स्पष्टीकरण उपर यथोचित मूल्याङ्कन गरी सो सफाइ वा स्पष्टीकरणका बारेमा ब्यक्त गरेको प्रतिक्रिया फाइल संलग्न रहेको,

(ङ) कुन कसुर वापत कुन सजाय गर्न खोजिएको हो कसुर खुलाई सजाय प्रस्ताव गरिएको, र

(च) सम्बन्धित अधिकृतको दस्तखत गरी कार्यालयको छाप समेत लगाई आयोगले निर्धारण गरेबमोजिमको फाराम फाइल संलग्न गरेको।

(३) उपदफा (१) बमोजिम कुनै कर्मचारीलाई एक प्रकारको विभागीय सजाय गर्न आयोगमा परामर्श माग गरिएकोमा आयोगबाट सो विषयमा परामर्श उपलब्ध नहुँदै वा परामर्श उपलब्ध भएपछि सो कर्मचारीलाई प्रस्ताव गरिएको सजायमा परिवर्तन गर्ने गरी पुनः परामर्श माग गर्न सकिने छैन ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित कर्मचारीले काबू बाहिरको परिस्थिति परी अघि स्पष्टीकरण दिन नसकेको कारण देखाई निवेदन दिएमा वा अघि पेश गर्न नसकेको महत्वपूर्ण सबूत प्रमाण पछि पेश हुन आएको कारणबाट सजाय गर्ने अधिकारीलाई सजाय परिवर्तन गर्नु पर्छ भन्ने लागेमा सो को कारणसहित आफ्नो राय उल्लेख गरी पहिले प्रस्ताव गरेको सजाय परिवर्तन गर्न आयोगको पुनः परामर्श माग गर्न सकिनेछ ।

**५५. <u>सेवाको शर्त सम्बन्धी कानूनको विषयमा परामर्श माग गर्ने तरिकाः</u>** ⊗(१) प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाको शर्तसम्बन्धी कानूनको विषयमा

⊗ दोस्रो संशोधनद्वारा संशोधित।

आयोगको परामर्श लिंदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् लिनुपर्नेछ।

(२) प्रदेश सेवाको शर्तसम्बन्धी कुनै नयाँ कानून बनाउन वा भइरहेको कानूनमा संशोधन गर्नु परेमा सो को कारण र आवश्यक विवरणसमेत खुलाई आयोगमा पठाउनु पर्नेछ।

(३) प्रदेश सेवाहरू गठन गर्न आयोगको परामर्श माग गर्दा सेवा गठनको उद्देश्य, त्यस्तो सेवा अन्तर्गतको समूह वा उपसमूह तथा श्रेणी/तह विभाजन, नियुक्ति, बढुवा र सेवाका अन्य शर्तहरू तथा निजामती सेवा र *प्रदेश सरकारका अन्य सेवा अन्तर्गतको विभिन्न सेवासँग राख्नुपर्ने एकरूपता, समन्वय र सामञ्जस्यका कुराहरू समेत स्पष्ट पारी आयोगमा पठाउनु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम परामर्श माग गर्दा आयोगसँग परामर्श माग गर्ने विषयको प्रदेश सरकार मन्त्रिपरिषदको निर्णय संलग्न गर्नु पर्नेछ।

(५) सेवा, शर्तसम्बन्धी कानूनको संशोधन भएका विषयमा परामर्श माग गर्दा तीन महले ढाँचा र पुरानो कानून खारेज गरी नयाँ कानून बनाउँदा सो को कारणसहितको विवरण समेत संलग्न हुनुपर्नेछ।

⊕(६) प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको शर्तसम्बन्धी कानूनको विषयमा आयोगको परामर्श लिंदा सो सम्बन्धमा आयोगले जारी गरेको सिद्धान्तबमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् लिनु पर्नेछ।

५६. **सेवा, समूह वा उपसमूह परिवर्तन गर्न परामर्श माग गर्ने तरिकाः** (१) कुनै एक प्रकारको प्रदेश सेवाको सेवा, समूह वा उपसमूहको पदबाट अर्को प्रकारको प्रदेश सेवाको सेवा, समूह वा उपसमूहको पदमा सेवा, समूह वा उपसमूह परिवर्तन गर्न उम्मेदवारको उपयुक्तताको विषयमा आयोगको परामर्श माग गर्दा देहाय अनुसारका कागजात संलग्न भएको हुनु पर्नेछः-

(क) सम्भाव्य उम्मेदवारको नाम, ठेगाना, शैक्षिक योग्यता, अनुभव र नियुक्ति सम्बन्धी अन्य विवरण,

---

* दोस्रो संशोधनद्वारा संशोधित।

⊕ दोस्रो संशोधनद्वारा थप गरिएको।

(ख) सेवा, समूह वा उपसमूह परिवर्तन गर्न सम्बन्धित निकायको सहमति लिनुपर्ने पदका लागि सम्बन्धित निकायको र अन्य पदका हकमा सेवा सञ्चालन गर्ने प्रदेश मन्त्रालयको सहमति,

(ग) सम्बन्धित सेवा, समूह वा उपसमूह सम्बन्धी प्रचलित कानूनले तोकेको आधार र औचित्यको पुष्टि हुने गरी अख्तियारवालाले सेवा, समूह परिवर्तन गर्नु पर्ने कारण खुलाएको कागजात,

(घ) सेवा, समूह वा उपसमूह परिवर्तन गर्ने बारेको प्रदेश मन्त्रिपरिषदको निर्णय र

(ङ) पद वा दरबन्दी खारेज भई कर्मचारीको शैक्षिक योग्यता तथा तालिमसँग मिल्दो पदमा सेवा, समूह परिवर्तन गर्न सो विवरणसहित परिवर्तन हुने पदको लागि आवश्यक पर्ने योग्यताका प्रमाणपत्रको प्रतिलिपि।

(२) सेवा, समूह वा उपसमूह परिवर्तन गर्न परामर्श माग भई आएमा आयोगले लिखित तथा अन्तर्वार्ता र प्रयोगात्मक परीक्षा आवश्यक पर्ने पदका लागि प्रयोगात्मक परीक्षा समेतबाट त्यस्तो उम्मेदवारको उपयुक्तताको परीक्षण गरी परामर्श दिनु पर्नेछ।

(३) सेवा, समूह वा उपसमूह परिवर्तन गर्न उम्मेदवारको उपयुक्तताको विषयमा लिइने लिखित परीक्षाको पाठ्यक्रम परिवर्तन हुने सम्बन्धित पदको लागि आयोगबाट निर्धारित पाठ्यक्रमको सेवा सम्बन्धी एउटा पत्रमा मात्र परीक्षा सकिनेछ।

(४) सेवा, समूह वा उपसमूह परिवर्तन गर्न उम्मेदवारको उपयुक्तताको विषयमा लिइने लिखित परीक्षाको उत्तीर्णाङ्क पचास प्रतिशत हुनेछ।

(५) उम्मेदवारको उपयुक्तताको विषयमा लिइएको लिखित परीक्षामा उत्तीर्णाङ्क प्राप्त नगरेका उम्मेदवारलाई सेवा, समूह वा उपसमूह परिवर्तन गर्ने सिफारिस गरिनेछैन।

**५७.** ↔**<u>आयोगले परामर्श दिने:</u>** (१) आयोगले यस ऐनबमोजिम परामर्श दिंदा यस परिच्छेदमा उल्लेख भएको प्रक्रिया पूरा भएमा मात्र दिनेछ।

---

↔ दोस्रो संशोधनद्वारा संशोधित।

(२) प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति तथा बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा र प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाका पदको सेवा शर्तसम्बन्धी कानूनको विषयमा तथा त्यस्तो निकाय, संस्थाका कर्मचारीलाई विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तका विषयमा परामर्श दिने प्रयोजनका लागि आयोगले सम्बन्धित निकाय र कर्मचारीको सेवाको प्रकृतिअनुसार समान वा छुट्टाछुट्टै लागू हुने गरी सिद्धान्त निर्धारण गर्न सक्नेछ।

**५८.** **<u>आयोगको परामर्श कार्यान्वयनः</u>** (१) आयोगले दिएको परामर्श कार्यान्वयन गर्ने गराउने दायित्व परामर्श माग गर्ने अधिकारीको हुनेछ।

(२) कुनै विशेष कारण वा परिस्थिति परी आयोगले दिएको परामर्श कार्यान्वयन गर्न सकिने अवस्था नभएमा त्यसको कारण खोली परामर्श माग गर्ने अधिकारीले पुनर्विचारको लागि आयोग समक्ष लेखी पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पुनर्विचारको लागि लेखी आएमा आयोगलाई आफूले दिएको परामर्श पुनर्विचार गर्नु पर्ने पर्याप्त आधार, कारण र औचित्य रहेको भन्ने लागेमा आयोगले तत्सम्बन्धमा पुनः परामर्श दिन सक्नेछ।

(४) विभागीय सजाय सम्बन्धमा आयोगबाट प्राप्त परामर्श आयोगले तोकेको अवधि भित्र कार्यान्वयन गरी आयोगलाई जानकारी दिनु पर्नेछ।

**५९.** **<u>स्थायी नियुक्ति नगरिनेः</u>** (१) निवृत्तिभरण पाउने पदमा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन।

(२) संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक उपदफा (१) विपरित भएको नियुक्ति स्वतः रद्द हुनेछ।

परिच्छेद-१०

## बढुवा उपरको उजूरी सम्बन्धी व्यवस्था

**६०.** **<u>बढुवा उपरको उजूरीः</u>** (१) बढुवा समितिले गरेको बढुवा सिफारिसमा चित्त नबुझ्ने सम्भाव्य उम्मेदवारले सम्बन्धित सेवा शर्तसम्बन्धी कानूनमा तोकिएको म्यादभित्र उजूरकर्ता स्वयं उपस्थित भई आयोगले तोकेको दस्तुर, आफूले बढुवा पाउनु पर्ने स्पष्ट आधार र प्रमाणसमेत संलग्न राखी आयोगले निर्धारण गरेको

ढाँचामा आयोग वा आयोगले तोकेको बढुवा उजूरी सुन्ने अधिकारी समक्ष उजूरी दिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उजूरी गर्न उजूरकर्ता आयोगमा वा उजूरी सुन्ने अधिकारी समक्ष आफैं उपस्थित हुन नसकेमा सोको कारण खुलाई कानूनले वारेस दिन मिल्ने व्यक्तिलाई कानून बमोजिम वारेस मुकरर गरी उजूरी दिन सक्नेछ।

तर त्यसरी उजूरी दिन ल्याउने वारेसले उजूरीको व्यहोरा र दस्तखत सम्बन्धित उजूरीकर्ताको नै हो भनी आयोग समक्ष सनाखत गरी सहीछाप गर्नु पर्नेछ।

(३) यस दफा बमोजिम उजूरी गर्न चाहने सम्बन्धित कर्मचारीले आफ्नो उजूरीमा देहायका कुराहरू खुलाएको हुनु पर्नेछः–

(क) उजूरकर्ताको नाम, थर, ठेगाना र निज कार्यरत कार्यालय,

(ख) उजूरीको विषय

(ग) कसको विरुद्ध उजूरी गर्न चाहेको हो सोको विवरण,

(घ) कुन मितिको बढुवा सिफारिस वा सूचना विरुद्ध उजूरी गर्न चाहेको हो त्यस्तो सिफारिस वा सूचनाको प्रतिलिपि,

(ङ) उजूरीको दावी र सो सँग सम्बन्धित कानून, नजिर र सिद्धान्तको विवरण,

(च) आफ्नो दावी र सो दावी पुष्ट्याई गर्ने आधार,

(छ) अन्य प्रासंगिक कुराहरू।

**६१. <u>थप प्रमाणहरू पेश गर्न सक्नेः</u>** (१) बढुवा उपरको उजूरी दिइसकेपछि त्यस्तो उजूरी उपर निर्णय नहुँदै सम्बन्धित कर्मचारीले सो निर्णयमा सघाउ पुग्ने कुनै थप प्रमाण फेला पारेमा निवेदनसाथ संलग्न गरी पेश गर्न सक्नेछ।

(२) बढुवा उजूरी सुनुवाइको सिलसिलामा कुनै थप प्रमाण कागजात आवश्यक छ भन्ने लागेमा आयोग वा उजूरी सुन्ने अधिकारीले उजूरकर्ता वा सम्बन्धित निकायलाई त्यस्तो प्रमाण कागजातहरू उपलब्ध गराउन लगाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम माग भएका कागजात सम्बन्धित निकाय वा कर्मचारीले पत्र प्राप्त गरेको मितिले सात दिनभित्र पेश गर्नु पर्नेछ।

६२. **बढुवा उजूरीको निर्णयः** (१) आयोगमा वा उजूरी सुन्ने अधिकारी समक्ष बढुवा उपरको उजूरी पर्न आएमा सम्बन्धित बढुवा समितिको प्रतिक्रिया, बढुवा सिफारिस भएका र उजूरकर्ताको व्यक्तिगत विवरण, कार्यसम्पादन मूल्याङ्कन फाराम र अन्य सम्बन्धित आवश्यक कागजातसमेत बढुवा समितिको सचिवालयसँग माग गरी आयोगले वा उजूरी सुन्ने अधिकारीले त्यस्तो बढुवा उजूरीको सम्बन्धमा निर्णय गर्नु पर्नेछ।

(२) बढुवा उजूरी उपर निर्णय गर्दा उजूरीकर्ताले लिएको दावी र सो दावीका सम्बन्धमा प्रस्तुत गरिएका आधार, प्रमाण तथा सो सम्बन्धी कानून समेत खुलाई निर्णय गर्नु पर्नेछ।

(३) बढुवा उजूरी सम्बन्धी निर्णयको ढाँचा आयोगले निर्धारण गरेबमोजिम हुनेछ।

६३. **बढुवा उजूरी उपर कारबाही नहुनेः** देहाय बमोजिम रित नपुगेको बढुवा उपर कुनै कारबाही गरिने छैनः-

(क) कानूनमा तोकिएको म्यादभित्र दर्ता नभएको,

(ख) उजूरी गर्दा लाग्ने दस्तुर बुझाएको रसिद उजूरी साथ संलग्न नभएको र

(ग) दफा ६० बमोजिमको रित नपुगेको।

परिच्छेद-११

## कसूर र सजाय

६४. **कसूर र सजायः** (१) कसैले देहायको कार्य गरेमा वा गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा निजलाई देहाय बमोजिम सजाय हुनेछः-

(क) कुनै उम्मेदवारले कुनै परीक्षा केन्द्रमा हो हल्ला गरी परीक्षा सञ्चालनमा बाधा अवरोध पुर्‍याएमा वा तोकिएको परीक्षा सम्बन्धी शर्त र मर्यादाको उल्लंघन गरेमा त्यस्तो उम्मेदवारलाई केन्द्राध्यक्षले तत्काल परीक्षा केन्द्रबाट निष्काशन गरी आयोगले निजलाई आयोगद्वारा लिइने परीक्षामा

एक वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ ।

(ख) कुनै परीक्षा केन्द्रमा कुनै पनि किसिमले चिट चोर्ने वा चोराउने, अर्काको नक्कल गर्ने वा गराउने, विद्युतीय उपकरणको प्रयोग गरी वा अन्य कुनै किसिमले परीक्षामा अनियमित काम गर्ने वा आयोगले तोकेको शर्तको उल्लङ्घन गर्ने उम्मेदवारलाई आयोगले आयोगद्वारा लिइने परीक्षामा दुई वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ ।

(ग) कुनै परीक्षार्थीले निजको उत्तरपुस्तिका नबुझाई आफू साथ लिई गएमा वा आयोगले फिर्ता गर्नु पर्ने भनी तोकेका प्रश्नपत्र लिई गएमा वा कसैले त्यस्तो प्रश्नको प्रतिलिपि बनाई वा विद्युतीय उपकरणबाट सार्वजनिक गरेमा निजलाई आयोगले आयोगद्वारा लिइने परीक्षामा तीन वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ ।

(घ) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर कसैले प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा आयोगले आयोगद्वारा लिइने परीक्षामा निजलाई पाँच वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ ।

(ङ) कसैले आफ्नो सट्टा अर्को व्यक्तिलाई परीक्षा दिन लगाई छनौट भई अन्तर्वार्तामा सामेल भएको वा नियुक्ति नै लिई सकेको भए तापनि सो कुरा जुनसुकै बखत जानकारी हुन आएमा त्यस्तो ब्यक्तिको सिफारिश वा नियुक्तिपत्र रद्द हुनेछ ।

(च) खण्ड (ङ) बमोजिम अर्काको नामबाट परीक्षा दिने, दिलाउन लगाउने व्यक्तिलाई आयोगले आयोगद्वारा लिइने परीक्षामा पाँच वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ ।

(छ) कसैले खण्ड (घ) बमोजिम परीक्षा केन्द्र नियन्त्रणमा लिएमा वा खण्ड (ङ) बमोजिम अर्काको नामबाट परीक्षा दिएमा त्यस्तो कसूर गर्ने र गर्न लगाउने व्यक्तिलाई ⊗............. प्रचलित संघीय कानून बमोजिम सजाय हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्ति उम्मेदवार भई परीक्षा दिएको भएमा निजको उक्त विज्ञापन बमोजिमको सबै विषयको परीक्षा स्वतः रद्द हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कसूर कुनै Σप्रदेश सेवा, प्रदेश प्रहरी सेवा, नेपाल सरकारको सेवा वा संविधानको धारा २४३ को उपधारा (२) बमोजिमको सङ्गठित संस्थाका कर्मचारीले गरेमा त्यस्तो कर्मचारीलाई थप विभागीय कारबाही गर्न आयोगले सम्बन्धित निकाय वा संगठित संस्थामा लेखी पठाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम विभागीय कारबाहीको लागि लेखी आएमा अख्तियारवालाले त्यस्तो कर्मचारीलाई तीन महिनाभित्र निजको सेवा शर्तसम्बन्धी कानून बमोजिम विभागीय कारबाही गरी सो को जानकारी आयोगलाई दिनु पर्नेछ ।

**६५. नेपाल सरकार वादी हुने:** दफा ६४ को उपदफा (१) को खण्ड (छ) बमोजिमको मुद्दा सरकार वादी हुनेछ र *"मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४" मा समावेश भएको मानिनेछ ।

परिच्छेद-१२

## वार्षिक प्रतिवेदन तथा सुझाव

**६६. वार्षिक प्रतिवेदन:** (१) आयोगले आफूले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

---

⊗ दोस्रो संशोधनद्वारा झिकिएको।

Σ दोस्रो संशोधनद्वारा संशोधित।

* पहिलो संशोधनद्वारा संशोधित।

(२) उपदफा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा देहायका कुराहरू समेत उल्लेख गर्नु पर्नेछः-

(क) उम्मेदवार छनौट गर्न लिएको परीक्षा र परीक्षामा उत्तीर्ण परीक्षार्थी सम्बन्धी,

(ख) विभिन्न निकायलाई दिएको परामर्श र परामर्श बमोजिम काम भए नभएको सम्बन्धी,

(ग) प्रदेश सेवाका कर्मचारीलाई विभागीय कारबाही र सजाय गर्दा दिएको परामर्श र परामर्श बमोजिम काम भए नभएको सम्बन्धी,

(घ) विभिन्न सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको बारेमा दिएको परामर्श सम्बन्धी, र

(ङ) प्रदेश सेवाको सुधार गर्नुपर्ने विषय लगायत आयोगले आवश्यक देखेका अन्य विषय।

६७. **<u>सुझाव दिन सक्ने</u>:** आयोगको काम कारबाहीको सिलसिलामा वा आयोगले गरेको अध्ययन वा अनुसन्धानको आधारमा प्रदेश निजामती सेवा, ≡<u>स्थानीय सरकारी सेवा, स्थानीय तहको सङ्गठित संस्थाको सेवा</u>, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्था र प्रदेश प्रहरी सेवाका कर्मचारीको सेवाको शर्त सम्बन्धी कानूनमा सुधार गर्न आवश्यक देखिएमा आयोगले सम्बन्धित निकायलाई सुझाव दिन सक्नेछ ।

परिच्छेद-१३

## <u>विविध</u>

६८. ⇔**........<u>लोक सेवा आयोगलाई अनुरोध गर्न सक्ने</u>:** आयोगले सञ्चालन गर्ने कुनै परीक्षा सञ्चालन गरिदिन आयोगको सिफारिसमा प्रदेश सरकारले नेपाल सरकार मार्फत ≈...... लोक सेवा आयोगलाई अनुरोध गर्न सक्नेछ।

---

≡ दोस्रो संशोधनद्वारा संशोधित।

⇔ दोस्रो संशोधनद्वारा झिकिएको।

६९. [∝]**राय परामर्श लिन सक्ने:** (१) आयोगले आफ्नो काम कारबाही सञ्चालनका सम्बन्धमा प्रदेश सरकारको मन्त्रालय वा निकाय, प्रदेश सङ्गठित संस्था, स्थानीय तह तथा स्थानीय तहको सङ्गठित संस्थासँग राय तथा सुझाव लिन सक्नेछ।

(२) आयोगले आफ्नो काम कारबाहीसँग सम्बन्धित कानूनी प्रश्नको सम्बन्धमा मुख्य न्यायाधिवक्ताको राय लिन सक्नेछ।

[⊕]**६९क. प्रतिरक्षा:** आयोगले आफ्नो तर्फबाट कुनै अड्डा अदालतमा मुद्दा चलाउन वा निवेदन दिन वा त्यसको लागि आवश्यक लिखत तयार गर्न, प्रतिरक्षा गर्न वा आयोग विरूद्ध कसैले कुनै कानूनी कारबाही चलाएमा वा मुद्दा दायर गरेमा लिखित जवाफ वा प्रतिउत्तर दिन वा प्रतिरक्षा गर्न आयोगले मुख्य न्यायाधिवक्तालाई लेखी पठाउन सक्नेछ। त्यसरी लेखी आएमा मुख्य न्यायाधिवक्ताले आवश्यक सहयोग र प्रतिरक्षा गर्नेछ।

**७०. अनुगमन तथा निरीक्षण:** (१) आयोगले प्रदेश सरकारका विभिन्न मन्त्रालय, सचिवालय वा कार्यालयले नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा यो ऐन, अन्य कानून तथा आयोगले समय समयमा दिएको निर्देशन पालना गरेको वा नगरेको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न वा गराउन सक्नेछ।

(२) आयोगले उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षण गर्ने वा गराउने प्रयोजनको लागि आयोगको कुनै कर्मचारी, प्रदेश सरकारको अधिकृतस्तरको कर्मचारीलाई खटाउन सक्नेछ।

**७१. सच्याउन वा बदर गर्न सक्ने:** (१) आयोगले अनुगमन वा निरीक्षण गर्दा वा गराउँदा यो ऐन, अन्य कानून तथा आयोगले समय समयमा तोकेको कार्यविधि र शर्त पूरा नगरी कुनै कर्मचारीलाई नियुक्ति, बढुवा वा विभागीय कारबाही गरेको पाइएमा त्यस्तो नियुक्ति, बढुवा वा विभागीय कारबाही सच्याउने वा बदर गर्ने निर्णय गर्न सक्नेछ।

---

[≈] दोस्रो संशोधनद्वारा झिकिएको।

[∝] दोस्रो संशोधनद्वारा संशोधित।

[⊕] दोस्रो संशोधनद्वारा थप गरिएको।

(२) आयोगले प्रकाशन गरेको विज्ञापन बमोजिमको परीक्षामा उम्मेदवार हुन कुनै व्यक्तिले पेश गरेको कुनै विवरण झुट्टा वा गलत देखिन आएमा आयोगले त्यस्तो उम्मेदवारको दरखास्त, परीक्षा, अन्तर्वार्ता वा नियुक्तिको सिफारिस रद्द गर्नेछ र निजले नियुक्ति पाइसकेको भए सम्बन्धित सेवा शर्त सम्बन्धी कानून बमोजिम आवश्यक कारबाही चलाउन सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

**७२. रद्द गर्न सक्ने:** (१) आयोगले लिएको परीक्षामा प्रश्नपत्र परिमार्जन, प्रश्नपत्र छपाई, उत्तरपुस्तिका परीक्षण वा प्रयोगात्मक परीक्षा सम्बन्धी काममा संलग्न भएको [∂]दक्ष, विज्ञ, विशेषज्ञ वा कर्मचारीको नजिकको नातेदार त्यस्तो परीक्षामा उम्मेदवार रहेको भए सो को जानकारी आयोगलाई त्यस्तो काममा संलग्न हुनु अगाडि [ℵ]......... गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम [ℜ]नजिकको नातेदार उम्मेदवार रहेको कुरा जानकारी नगराई त्यस्तो काममा संलग्न भई त्यस्तो उम्मेदवार सो परीक्षामा सफल भएको देखिएमा आयोगले निजको परीक्षा वा अन्तर्वार्ता वा नियुक्तिको सिफारिस रद्द गर्न सक्नेछ र निजले नियुक्ति पाइसकेको भए प्रचलित कानून बमोजिम नियुक्ति बदर गर्न सम्बन्धित निकायमा सिफारिस गरी पठाउन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम नातेदार उम्मेदवार रहेको अवस्थामा प्रश्नपत्र परिमार्जन, प्रश्नपत्र छपाई, उत्तरपुस्तिका परीक्षण सम्बन्धी काममा संलग्न हुने कर्मचारीलाई आयोगले आयोगको कर्मचारी भए विभागीय कारवाही गर्ने र अन्यत्रको भए सम्बन्धित निकायमा विभागीय कारवाहीको लागि लेखी पठाउन सक्नेछ।

(४) उपदफा (१) बमोजिम जानकारी नगराई त्यस्तो परीक्षा सम्बन्धी काममा संलग्न हुने दक्ष वा विशेषज्ञको हकमा त्यस्तो दक्षलाई आयोगको

---

[∂] दोस्रो संशोधनद्वारा संशोधित।

[ℵ] दोस्रो संशोधनद्वारा झिकिएको।

[ℜ] दोस्रो संशोधनद्वारा संशोधित।

परीक्षा सम्बन्धी कुनै पनि काममा संलग्न हुन नपाउने गरी दक्ष वा विशेषज्ञको सूचीबाट हटाउन सक्नेछ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले लिएको अन्तर्वार्तामा संलग्न भएको दक्ष, विशेषज्ञ वा कर्मचारीको नातेदार त्यस्तो परीक्षामा उम्मेदवार भई सो परीक्षामा सफल भएको प्रमाणित भएमा आयोगले निजको परीक्षा वा अन्तर्वार्ता वा नियुक्तिको सिफारिस रद्द गर्न सक्नेछ र निजले नियुक्ति पाइसकेको भए प्रचलित कानून बमोजिम आवश्यक कारवाही चलाउन सम्बन्धित निकायमा सिफारिस गरी पठाउन सक्नेछ ।

**७३. <u>विद्युतीय माध्यमको प्रयोगः</u>** आयोगले रिक्त पदको माग, पदपूर्तिको विज्ञापन, परीक्षा सञ्चालन, नतिजा प्रकाशन जस्ता काममा विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेछ।

**७४. <u>आयोगलाई सहयोग गर्नु पर्नेः</u>** (१) आयोगको परीक्षा सञ्चालन सम्बन्धी कामको लागि सरकारी निकाय, शिक्षण संस्था वा अन्य संस्थाले आयोगको मागबमोजिम कर्मचारी, भवन वा कोठा उपलब्ध गराई सहयोग गर्नु पर्नेछ।

(२) आयोगको कार्य सम्पादन गर्नको लागि आयोगको कर्मचारीबाट मात्र सम्भव हुने नदेखिएमा आयोगले खास प्रयोजनका लागि सेवा सञ्चालन गर्ने प्रदेश मन्त्रालयको परामर्शमा अन्य कार्यालयमा कार्यरत कर्मचारीलाई काजमा ल्याई काममा लगाउन सक्नेछ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिम आयोगले कर्मचारी माग गरेमा सम्बन्धित निकायले कर्मचारी पठाई सहयोग गर्नु पर्नेछ।

**७५. <u>विषय विज्ञ वा दक्षको सेवा लिन सक्नेः</u>** (१) आयोगले सम्पादन गर्नु पर्ने कामको लागि सम्बन्धित विषयको विषयविज्ञ, दक्ष वा विशिष्टीकृत निकायको सेवा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा लिने प्रयोजनको लागि विषय विज्ञ, दक्ष वा विशिष्टीकृत निकायको मनोनयन वा छनौट आयोगले गर्नेछ।

(३) उपदफा (२) बमोजिम सेवा लिए बापत सम्बन्धित विषय विज्ञ, दक्ष वा विशिष्टीकृत निकायलाई आयोगले निर्धारण गरे बमोजिमको पारिश्रमिक, सुविधा तथा सेवा शुल्क दिइनेछ।

७६. **दस्तुर वा शुल्कः** (१) प्रदेश निजामती सेवामा खुला प्रतियोगिता वा बढुवाद्वारा पदपूर्ति गर्दा लिइने परीक्षाको दस्तुर आयोगले निर्धारण गरेबमोजिम हुनेछ।

(२) यस ऐनमा अन्यत्र उल्लेख गरिए देखि बाहेक आयोगको काम कारबाहीका सम्बन्धमा आयोगले आवश्यक दस्तुर वा शुल्क तोक्न सक्नेछ।

७७. **समन्वय र सहयोगः** (१) आयोगले आफ्नो काम कर्तव्यको सम्बन्धमा अन्य प्रदेशसँग समन्वय वा आपसी सम्बन्ध र सहयोग वृद्धि गर्न सक्नेछ।

(२) आयोगले काम कारवाही सञ्चालनका सिलसिलामा सहयोग लिन चाहेमा प्रदेश सरकार मार्फत लोक सेवा आयोगमा अनुरोध गर्न सक्नेछ।

७८. **लिखतको गोपनीयताः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले सञ्चालन गर्ने परीक्षासँग सम्बन्धित लिखत तथा कागजात गोप्य रहनेछन् र अदालतको आदेश भएकोमा बाहेक त्यस्ता कागजात सार्वजनिक गर्न आयोग बाध्य हुने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले तोकेबमोजिमका परीक्षा सम्बन्धी कागजात वा विवरण सम्बन्धित व्यक्तिलाई दिन वा सार्वजनिक गर्न वा धुल्याउन सक्नेछ।

७९. **जानकारी दिनुपर्नेः** (१) आयोगबाट सञ्चालन हुने कुनै पदको विज्ञापनमा आफू वा आफ्नो नातेदार उम्मेदवार भएमा त्यस्ता आयोगका कर्मचारीले आयोगलाई जानकारी दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएमा आयोगले त्यस्ता कर्मचारीलाई परीक्षासँग सम्बन्धित काममा संलग्न नहुने व्यवस्था गर्नु पर्नेछ ।

८०. **अधिकार प्रत्यायोजनः** (१) आयोगले यस ऐन बमोजिमको आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार अध्यक्ष, सदस्य वा आयोगको

कुनै कार्यालय वा आयोगको वा प्रदेश सरकारको ⊕अधिकृत स्तरको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अधिकार प्रत्यायोजन गर्दा त्यस्तो अधिकारको प्रयोग र पालना सम्बन्धी शर्त निर्धारण गर्नु पर्नेछ।

(३) आयोगले सञ्चालन गर्ने परीक्षा मध्ये ♈लिखित परीक्षा र अन्तर्वार्ता बाहेकका शारीरिक तन्दुरुस्ती परीक्षण, स्वास्थ्य परीक्षण लगायतका खास प्रकारका परीक्षा सञ्चालन गर्न सम्बन्धित संस्था वा निकायलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्दा त्यस्तो संस्था वा निकायले प्रचलित कानूनका अधिनमा रही आयोग वा लोक सेवा आयोगले अवलम्वन गरेका सिद्धान्त, कार्यविधि र मापदण्डलाई आधार लिनु पर्नेछ।

(५) यस दफा बमोजिम प्रत्यायोजन गरिएको अधिकार आयोगले जुनसुकै बखत फिर्ता लिन सक्नेछ।

**८१. उजूरीः** (१) आयोगद्वारा प्रत्यायोजित अधिकार बमोजिम काम गर्ने अधिकारीले गरेको काम कारबाहीमा चित्त नबुझ्ने व्यक्तिले सो काम कारबाही भए गरेको मितिले पैंतीस दिनभित्र आधार र कारण खोली आयोग समक्ष उजूरी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उजूरी पर्न आएमा आयोगले तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरी उपयुक्त निर्णय गर्न सक्नेछ।

**८२. आयोगका सिद्धान्त र मापदण्ड अवलम्बन गर्नु पर्नेः** प्रदेश सेवाका पदको पदपूर्तिको लागि उम्मेदवारको छनौटलाई भरपर्दो, स्वच्छ, निष्पक्ष र विश्वसनीय वनाउन यस ऐनबमोजिम आयोगलाई प्राप्त निर्धारण गर्ने अधिकार अन्तर्गतका विषयहरू निर्धारण गर्दा लोक सेवा आयोगले अपनाएको सिद्धान्त, कार्यविधि र मापदण्डलाई अवलम्बन गर्नु पर्नेछ।

---

⊕ दोस्रो संशोधनबाट थप गरिएको।

♈ दोस्रो संशोधनबाट थप गरिएको।

[उ]**८२क. <u>थप सुविधा दिन सकिने</u>:** आयोगका पदाधिकारी वा कर्मचारीलाई कार्यालय समयभन्दा अघिपछि आयोगको काममा लगाउनु परेमा वा अन्य कुनै व्यक्तिलाई आयोगसँग सम्बन्धित कुनै विशेष काममा लगाउनु परेमा प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई प्रदेश सरकारले स्वीकृत गरे बमोजिमको सुविधा दिन सकिनेछ।

[⇔]**८२ख. <u>स्वीकृति लिनु नपर्ने</u>:** प्रदेश सरकारले आयोगको लागि बजेटमा छुट्याएको विविध शीर्षक अन्तर्गतको रकम खर्च गर्नु पर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृति लिनुपर्ने छैन र आयोगले त्यस्तो रकम प्रचलित कानूनबमोजिम खर्च गर्न सक्नेछ।

**८३. <u>प्रदेश सरकारसँग सम्पर्क:</u>** आयोगले प्रदेश सरकारसँग सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राख्नु पर्नेछ।

तर आयोगको दैनिक प्रशासकीय कामको लागि सम्बन्धित निकायसँग सिधै सम्पर्क राख्न सक्नेछ।

**८४. <u>अनुसन्धानात्मक र प्रवर्द्धनात्मक कार्य गर्न सक्ने:</u>** आयोगले प्रदेश निजामती सेवालाई सक्षम र प्रभावकारी बनाउन तथा निजामती सेवा प्रति आकर्षण बढाउन समय समयमा अनुसन्धानात्मक र प्रवर्द्धनात्मक कार्यहरू गर्न सक्नेछ।

**८५. <u>प्रचलित कानून बमोजिम हुने:</u>** यस ऐनमा लेखिएका कुरामा यसै ऐनबमोजिम र **<u>अन्य</u>** कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

**८६. <u>नियम बनाउने अधिकार:</u>** यो ऐन कार्यान्वयन गर्न आयोगले नियम बनाउन सक्नेछ र त्यस्तो नियम प्रदेश राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ।

**८७. <u>निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाउन सक्ने:</u>** (१)आयोगले सम्पादन गर्नु पर्ने काम सुचारू रूपले सञ्चालन गर्न वा गराउनको लागि आवश्यकता अनुसार निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनाएको निर्देशिका, कार्यविधि वा मापदण्ड प्रकाशन गरी सार्वजनिक गरेको मितिदेखि लागू हुने गरी गर्नु पर्नेछ।

---

[उ] दोस्रो संशोधनबाट थप गरिएको।

[⇔] दोस्रो संशोधनबाट थप गरिएको।

## [Σ]अनुसूची

(दफा ३क. सँग सम्बन्धित)

**पद तथा गोपनीयताको शपथको ढाँचा**

म ................................................ मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रहँदै प्रदेश लोक सेवा आयोगको अध्यक्ष/सदस्य पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराव भावना नलिई इमान्दारीताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको गोप्य राख्नुपर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा कानूनको पालना गर्दा बाहेक अरु जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन।

नामः

पदः

हस्ताक्षरः

मितिः

---

[Σ] दोस्रो संशोधनबाट अनुसूची थप गरिएको।

# प्रदेश लोक सेवा आयोग नियमावली, २०७८

*(२०७९ साल माघ मसान्तसम्म भएका संशोधन समेत मिलाइएको )*

## प्रदेश लोक सेवा आयोग

कर्णाली प्रदेश

वीरेन्द्रनगर, सुर्खेत

# प्रदेश लोक सेवा आयोग नियमावली,२०७८

प्रदेश राजपत्रमा प्रकाशित मिति
२०७८।०८।०३

**संशोधन**

१. प्रदेश लोक सेवा आयोग (पहिलो संशोधन) नियमावली, २०७९
२०७९।१०।११

प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा ८६ ले दिएको अधिकार प्रयोग गरी प्रदेश लोक सेवा आयोगले देहायका नियमहरू बनाएको छ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "प्रदेश लोक सेवा आयोग नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली प्रदेश राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले प्रदेश लोक सेवा आयोग ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "दक्ष, विज्ञ वा विशेषज्ञ" भन्नाले आयोगबाट सञ्चालन हुने परीक्षासँग सम्बन्धित पाठ्यक्रम निर्माण, शैक्षिक योग्यता निर्धारण, प्रश्नपत्र निर्माण र परिमार्जन, उत्तरपुस्तिका परीक्षण र अन्तर्वार्ता लगायतका विषयसँग सम्बन्धित ज्ञान र अनुभव भएको आयोगको काममा निष्पक्षता कायम गरी सहयोग गर्नसक्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो

ज्ञान र अनुभव भएको आयोगको पदाधिकारी वा कर्मचारीलाई समेत जनाउँछ।

(ग) "पदपूर्ति" भन्नाले प्रदेश सेवाको रिक्त पदमा स्थायी रुपमा गरिने पदपूर्ति सम्झनु पर्छ।

(घ) "समूह वा उपसमूह" भन्नाले प्रदेश सेवा अन्तर्गतका समूह वा उपसमूह सम्झनु पर्छ।

परिच्छेद-२

## पदपूर्तिको माग र पदसङ्ख्या निर्धारण

३. **पदपूर्तिको लागि माग गर्ने तरीका**: (१) अख्तियारवालाले प्रदेश सेवाको रिक्त पदपूर्ति गर्नको लागि माग गर्दा चालु आर्थिक वर्षको असार मसान्त सम्म* रिक्त रहने पदहरुको संख्या यकिन गरी अनुसूची-१ बमोजिमको फाराम भरी आयोगको कार्यालयमा पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पदपूर्तिको लागि माग गरी सकेपछि त्यस्तो माग भएको पदमा अन्य कुनै प्रक्रियाद्वारा पदपूर्ति गर्न सकिने छैन।

४. **पद सङ्ख्या निर्धारण**: (१) नियम ३ बमोजिम रिक्त पदको माग सङ्कलन भएपछि त्यस्तो पदको सेवा शर्त सम्बन्धी प्रचलित कानूनमा उल्लेख भएको प्रतिशत बमोजिम आयोगले पद सङ्ख्या निर्धारण गर्नेछ।

(२) उपनियम (१) बमोजिम पद सङ्ख्या निर्धारण भएपछि सोसँग सम्बन्धित विज्ञापन रद्द भई वा अन्य कुनै कारणले पदपूर्ति हुन नसकेमा त्यसपछि माग हुने पद समेतलाई गणना गरी पद सङ्ख्या निर्धारण गरिनेछ।

(३) पद सङ्ख्या निर्धारण सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

परिच्छेद-३

## पाठ्यक्रम र परीक्षण विधि सम्बन्धी व्यवस्था

५. **पाठ्यक्रम निर्धारण समिति**♣: (१) आयोगले प्रदेश सेवा अन्तर्गतको प्रत्येक तह, सेवा, समूह तथा उपसमूहको पदको लागि पाठ्यक्रम निर्माण वा परिमार्जन ≈गर्दा ऐनको दफा १४ को उपदफा (३) को अधिनमा रही आयोगले देहाय बमोजिमको पाठ्यक्रम निर्धारण समिति ♣गठन गर्न सक्नेछः-

(क) आयोगले तोकेको आयोगको सदस्य - संयोजक

(ख) आयोगको सचिब - सदस्य

(ग) सम्बन्धित महाशाखा प्रमुख - सदस्य

(घ) आयोगले तोकेको सम्बन्धित विषयको दक्ष, विज्ञ वा विशेषज्ञ - सदस्य

(ङ) सम्बन्धित शाखा प्रमुख ............. × - सदस्य-सचिव

(२) पाठ्यक्रम निर्धारण समिति♣ले पाठ्यक्रम निर्माण वा परिमार्जन गर्दा आवश्यकता अनुसार सेवा, समूह, उपसमूहसँग सम्बन्धित प्रदेश मन्त्रालयको प्रतिनिधि,अन्य दक्ष, विज्ञ वा विषय विशेषज्ञहरू समेत आमन्त्रण गर्न सक्नेछ।

(३) पाठ्यक्रम निर्माणमा सहभागी हुने प्रतिनिधि, दक्ष, विज्ञ वा विषय विशेषज्ञ चौथो र पाँचौं तहको लागि कम्तिमा अधिकृत सातौं तह वा सो सरह ≈र अधिकृत तहको लागि सो पदभन्दा कम्तीमा एक तह माथि वा सो सरह≈को हुनु पर्नेछ।

---

♣ पहिलो संशोधनद्वारा संशोधित।

≈ पहिलो संशोधनद्वारा थप।

× पहिलो संशोधनद्वारा झिकिएको।

(४) पाठ्यक्रम निर्धारण* समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

६. **परीक्षण विधि**: पदपूर्तिको लागि आयोगले लिने **.........**[×] लिखित परीक्षाको उत्तरपुस्तिका परीक्षण गर्ने तरिका र मूल्याङ्कन विधि आयोगले निर्धारण गरेको आधार तथा मापदण्ड बमोजिम हुनेछ।

परिच्छेद-४

## विज्ञापन सम्बन्धी व्यवस्था

७. **विज्ञापन प्रकाशन गर्नु पर्ने**: आयोगले ऐनको दफा १९ बमोजिम विज्ञापन प्रकाशन गर्दा वर्षको कम्तिमा एकपटक* प्रकाशन गर्नेछ।

८. **दरखास्त फाराम बुझाउनु पर्ने**: ऐनको दफा १९ तथा नियम ७ बमोजिम प्रकाशित विज्ञापन बमोजिमको प्रतियोगितामा भाग लिन चाहने व्यक्तिले आयोगले निर्धारण गरे बमोजिमको दरखास्त फाराम भरी आवश्यक परीक्षा दस्तुर सहित विज्ञापनमा उल्लेख भएको म्यादभित्र आयोगबाट तोकिएको स्थान र बिधिबाट* दरखास्त फाराम बुझाउनु पर्नेछ।

९. **परीक्षा केन्द्र र स्थान तोक्ने**: ऐनको दफा २३ को उपदफा (१) बमोजिम उम्मेदवारको नामावली प्रकाशन भएपछि आयोगले सम्बन्धित सबैको जानकारीको लागि परीक्षा केन्द्र र स्थान तोक्नेछ।

परिच्छेद-४क[≈].

## प्रश्नपत्र परिमार्जन, छपाई तथा भण्डारण

**९क.**[≈] **प्रश्नपत्र परिमार्जन**: (१) ऐनको दफा २८ को उपदफा (६) बमोजिम प्रश्नपत्र परिमार्जन गर्नको लागि सम्बन्धित दक्ष विज्ञ वा विशेषज्ञ आवश्यक

---

* पहिलो संशोधनद्वारा संशोधित।

[≈] पहिलो संशोधनद्वारा थप।

संख्यामा उपलब्ध नभएको कारणले तीन सेट प्रश्नपत्र निर्माण हुन नसक्ने भएमा प्रत्येक विषयको दुई सेट परिमार्जित प्रश्नपत्र बनाउने निर्णय गर्नुपर्नेछ।

(२) आयोगको प्रश्नपत्र परिमार्जन शाखामा काम गर्ने कर्मचारी शाखामा कार्यरत रहँदा र सो शाखा छोडेको कम्तीमा एक वर्षसम्म आयोगबाट लिईने कुनैपनि परीक्षामा परीक्षार्थीको रुपमा सहभागी हुन पाउने छैन।

९ख.~ **प्रश्नपत्रको छपाई तथा भण्डारः** (१) ऐनको दफा २९ बमोजिमको प्रश्नपत्र भण्डार सचिवको सामान्य रेखदेख र नियन्त्रण तथा महाशाखा प्रमुखको सुपरिवेक्षणमा सम्बन्धित शाखा प्रमुखको जिम्मामा रहनेछ।

(२) परिमार्जन र लिखित परीक्षामा प्रयोग भई बाँकी रहेका प्रश्नपत्रहरुको सेट प्रश्नपत्र भण्डारमा राख्नु पर्नेछ।

(३) प्रश्नपत्र भण्डारमा मौज्दात रहेका कच्चा प्रश्नपत्र र परिमार्जित प्रश्नसेट पछिल्ला समयमा सञ्चालन हुने लिखित परीक्षाहरुमा प्रयोग गर्न वाधा पर्ने छैन।

परिच्छेद-५

## उत्तरपुस्तिका परीक्षण तथा नतिजा प्रकाशन सम्बन्धी व्यवस्था

१०. **उत्तरपुस्तिकामा संकेत राख्नु पर्नेः** (१) आयोगले अन्यथा व्यवस्था गरे बाहेक ऐनको दफा ३४ को उपदफा (१) बमोजिम संकेत नम्बर राख्दा उत्तरपुस्तिकामा पहिलो संकेत राख्ने वा राख्न लगाउने जिम्मेवारी आयोगको सम्बन्धित महाशाखा प्रमुखको हुनेछ।

(२) उपनियम (१) बमोजिम उत्तरपुस्तिकामा पहिलो संकेत राखेपछि दोस्रो संकेत आयोगको सचिवले तोकेको अधिकृत कर्मचारीले राख्नेछ।

(३) यस नियम बमोजिम उत्तरपुस्तिकामा पहिलो संकेत राख्दा कालो मसी र दोस्रो संकेत राख्दा रातो मसी प्रयोग गर्नुपर्नेछ।

(४) उत्तरपुस्तिकामा राखिएको पहिलो संकेतको अर्धकट्टीको सिलबन्दी पोका आयोगको सचिव वा निजले तोकेको कर्मचारीको र दोस्रो संकेतको अर्धकट्टीको सिलबन्दी पोका अध्यक्ष वा निजले तोकेको आयोगको कर्मचारीको जिम्मामा रहनेछ।

(५) लिखित परीक्षाको नतिजा प्रकाशन गर्न सम्बन्धित शाखाबाट लिखित अनुरोध भएपछि अर्धकट्टीको सिलबन्दी पोका सो शाखामा उपलब्ध गराउनु पर्नेछ।

**११.** **उत्तरपुस्तिकाको परीक्षणः** (१) उत्तरपुस्तिका परीक्षण गराउँदा आयोगले सम्बन्धित विषयका दक्ष, विज्ञ वा विशेषज्ञलाई आयोगमा बोलाई परीक्षण गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम उत्तरपुस्तिका परीक्षण गराउँदा आयोगले उत्तरपुस्तिकाको साथमा आवश्यकता अनुसार परीक्षण सम्बन्धी निर्देशिका, परीक्षण गर्ने तरिका र मूल्याङ्कन गर्ने विधि समेत सम्बन्धित दक्ष, विज्ञ वा विशेषज्ञलाई उपलब्ध गराउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम उत्तरपुस्तिका प्राप्त भएपछि सम्बन्धित दक्ष, विज्ञ वा विशेषज्ञले समयमै त्यस्ता उत्तरपुस्तिका परीक्षण गरी गोप्य रुपमा आयोगलाई उपलब्ध गराउनु पर्नेछ।

**११क.**≈ **दोहोरो परीक्षण गराउन सकिनेः** (१) आयोगले तोकेको कुनै पदको परीक्षाको लागि उत्तरपुस्तिका दुई ` जना दक्ष विज्ञ वा विशेषज्ञबाट दोहोरो परीक्षण गराउन सकिनेछ।

(२) आयोगले उपनियम (१) बमोजिम उत्तरपुस्तिका परीक्षण गराउने निर्णय गरेमा पहिलो परीक्षकले आयोगले उपलब्ध गराएको छुट्टै

---

≈ पहिलो संशोधनद्वारा थप।

प्राप्ताङ्क तालिकामा र दोस्रो परीक्षकले उत्तरपुस्तिकामा प्राप्ताङ्क उल्लेख गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम परीक्षण गरिएका उत्तरपुस्तिकामा दुवै परीक्षकद्वारा दिईएको प्राप्ताङ्क जोडी त्यसको औषत निकाली प्राप्ताङ्क गणना गरिनेछ।

१२. लिखित वा प्रयोगात्मक परीक्षाको नतिजाः ऐनको दफा ३९ को उपदफा (१) बमोजिम आयोगले लिखित वा प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशन गर्दा रिक्त पदको अनुपातमा अनुसूची-२ बमोजिमको सङ्ख्यामा उम्मेदवार छनौट गरी नामावली प्रकाशन गर्नु पर्नेछ।

परिच्छेद-६

## अन्तर्वार्ता र सिफारिस सम्बन्धी व्यवस्था

१३. **अन्तर्वार्ता र अन्य चरणको परीक्षामा समावेश गराईने**ः (१) ऐनको दफा ३९ को उपदफा (१) तथा नियम १२ बमोजिम प्रकाशित नतिजामा नाम समावेश भएका उम्मेदवारहरूलाई मात्र अन्तर्वार्ता र आयोगले तोकेको अन्य विभिन्न चरणको परीक्षामा समावेश गराइनेछ।

(२) लिखित परीक्षा र प्रयोगात्मक परीक्षा समेत हुनेमा लिखित परीक्षाबाट छनौट हुने उम्मेदवारलाई मात्र प्रयोगात्मक परीक्षा र अन्तर्वार्तामा समावेश गराइनेछ।

१४. **अन्तर्वार्ता समितिको गठन**ः (१) अध्यक्षले ऐनको दफा ४१ को अधिनमा रही सामान्यतयाः अन्तर्वार्ता हुने मिति भन्दा एक दिन अगाडि अन्तर्वार्ता समिति गठन गर्नेछ।

(२) उपनियम (१) बमोजिम गठित अन्तर्वार्ता समितिका अध्यक्ष र सदस्यलाई गोप्य तरीकाले सूचना गर्नु पर्नेछ।

(३) कुनै सेवा, समूह, उपसमूह वा पदको लागि एकै समयमा एक भन्दा बढी अन्तर्वार्ता कार्यक्रम सञ्चालन गर्नु परेमा आवश्यकता अनुसार

उपनियम (१) बमोजिम अन्तर्वार्ता समिति गठन गरी गोलाप्रथाद्वारा अन्तर्वार्ता दिने उम्मेदवारको समूह तोकिनेछ।

(४) अन्तर्वार्ता समिति गठन सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

१५. **अन्तर्वार्ताको मूल्याङ्कन सम्बन्धी व्यवस्थाः** (१) अन्तर्वार्तामा उम्मेदवारको मूल्याङ्कन गर्नको लागि अनुसूची-३ बमोजिमको फाराम प्रयोग गरिने छ।

(१क) ≈अन्तर्वाताकारले अन्तरवार्ता लिँदा अनुसूची-३ क. मा उल्लिखित विषयमा ध्यान दिनुपर्नेछ।

(२) अन्तर्वार्ताको अङ्कभार अनुसूची-४ मा उल्लेख भए बमोजिम हुनेछ।

१६. **प्रमाणपत्र भिडाउनेः** अन्तर्वार्ता तथा सिफारिस शाखाले उम्मेदवारबाट पेश भएको प्रमाणित कागजातको सक्कल प्रतिसँग भिडाउने र प्रवेशपत्र जाँच गरी हाजिर समेत गराउनु पर्नेछ।

१७. **वैकल्पिक उम्मेदवारको सूचीः** ऐनको दफा ४६ बमोजिम उम्मेदवारको योग्यताक्रम अनुसार अन्तिम नतिजा प्रकाशन गर्दा अनुसूची-५ बमोजिमको सङ्ख्यामा वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नु पर्नेछ।

परिच्छेद-७

## विभागीय सजायको परामर्श सम्बन्धी व्यवस्था

१८. **विभागीय सजाय सम्बन्धी परामर्शः** (१) ऐनको दफा ५४ को उपदफा (१क) बमोजिम विभागीय सजायको परामर्श माग गर्दा सम्बन्धित फाइल साथ अनुसूची-६ बमोजिमको फाराम भरी संलग्न गर्नु पर्नेछ।

(२) यस नियम बमोजिम आयोगको परामर्श माग गरी फाइल पठाउँदा स्थानीय तहको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव र अन्यको हकमा सम्बन्धित प्रदेश मन्त्रालयको सचिव मार्फत पठाउनु पर्नेछ।

---

≈ पहिलो संशोधनद्वारा थप।

१९. <u>सेवा, समूह वा उपसमूह परिवतर्न गर्न परामर्श माग गर्ने तरिकाः</u> (१) कुनै एक प्रकारको प्रदेश सेवाको पदबाट अर्को प्रकारको प्रदेश सेवाको पदमा वा अन्य सरकारी सेवाबाट प्रदेश सेवामा सेवा परिवर्तन गर्दा ऐनको दफा ५६ को उपदफा **(१)** बमोजिमको विवरण खुलाई अनुसूची-७ को ढाँचामा आयोगमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा, समूह र उपसमूह परिवर्तन गर्न परामर्शका लागि पठाउँदा उक्त कर्मचारीले सेवा परिवर्तनका लागि सात वर्ष, समूह परिवर्तनका लागि पाँच वर्ष र उपसमूह परिवर्तनका लागि तीन वर्ष हाल कार्यरत पदमा सेवा अवधि पूरा गरेको हुनु पर्नेछ।

(३) सेवा, समूह वा उपसमूह परिवर्तन गर्न परामर्श माग भई आएमा आयोगले लिखित तथा अन्तर्वार्ता र प्रयोगात्मक परीक्षा आवश्यक पर्ने पदका लागि प्रयोगात्मक परीक्षा समेतबाट त्यस्तो उम्मेदवारको उपयुक्तताको परीक्षण गरी परामर्श दिनु पर्नेछ।

(४) पाठ्यक्रम निर्माण हुन बाँकी पदमा सेवा समूह, उपसमूह परिवर्तन गर्नुपर्ने भएमा सोको लागि छुट्टै पाठ्यक्रम निर्माण गर्नु पर्नेछ।

(५) सेवा, समूह वा उपसमूह परिवर्तन गर्न उम्मेदवारको उपयुक्तताको विषयमा लिइने लिखित परीक्षाको उत्तीर्णाङ्क पचास प्रतिशत हुनेछ।

(६) आयोगबाट निर्धारित वार्षिक कार्यतालिका बमोजिम विज्ञापन हुने सम्बन्धित पदको परीक्षासँगै सेवा, समूह, उपसमूह परिवर्तन हुने उम्मेदवारको उपयुक्तता परीक्षण गर्न लिखित परीक्षा लिनु पर्नेछ।

तर बार्षिक कार्यतालिकामा समावेश नभएका पदका हकमा आयोगले छुट्टै परीक्षा लिन सक्नेछ।

(७) सेवा, समूह, उपसमूह परिवर्तनका लागि उम्मेदवारको उपयुक्तताको विषयमा लिइएको लिखित परीक्षामा उत्तीर्णाङ्क प्राप्त नगरेका उम्मेदवारलाई सेवा, समूह वा उपसमूह परिवर्तन गर्ने सिफारिस गरिने छैन।

२०. **<u>सिद्धान्तको विषयमा परामर्श माग *गर्ने कार्यविधिः</u>** (१) ऐनको दफा ५४ को उपदफा (२) बमोजिम प्रदेश सेवाको पदमा नियुक्ति, बढुवा वा विभागीय कारवाही गर्दा वा प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति वा बढुवा गर्दा अपनाउनुपर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिंदा सेवा, समूह सञ्चालन गर्ने मन्त्रालय, सचिवालय वा निकाय मार्फत माग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परामर्श माग गर्दा सेवा, समूह IIII सञ्चालन गर्ने मन्त्रालय, सचिवालय वा निकायको राय सहितको सिफारिस र निर्णय समेत संलग्न गर्नु पर्नेछ।

(३) प्रदेश संगठित संस्था, स्थानीय तहको संगठित संस्थाले सिद्धान्तको विषयमा आयोगको परामर्श माग गर्दा देहायका विवरण संलग्न गरी माग गर्नु पर्नेछः-

(क) सम्बन्धित सार्वजनिक संस्था स्थापना गर्ने कानूनी व्यवस्था,

(ख) सम्बन्धित संस्थाको स्वीकृत नियमावली वा विनियमावलीहरू,

(ग) परामर्श माग गर्नुपर्ने कारण र सोको पुस्ट्याइँ,

(घ) परामर्श माग गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि,

(ङ) सम्बन्धित मन्त्रालयको राय सहितको सिफारिस, र

(च) अन्य प्रासङ्गिक कुराहरु।

परिच्छेद-८

## <u>बढुवा र सो उपरको उजूरी सम्बन्धी व्यवस्था</u>

२१. **<u>बढुवाको लागि विज्ञापन प्रकाशन</u>**ः (१) आयोगले प्रचलित कानून बमोजिम प्रदेश सेवा वा समूहमा बढुवाको लागि आयोगको कार्यतालिका बमोजिम बढुवाको विज्ञापन प्रकाशन गर्नेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

(२) उपनियम (१) बमोजिम विज्ञापन प्रकाशन गर्दा बढुवा गरिने पद, तह, सङ्ख्या, सेवा, समूह वा उपसमूहका लागि उम्मेदवार हुन आवश्यक पर्ने सेवा अवधि, न्यूनतम शैक्षिक योग्यता, दरखास्त बुझाउने म्याद र स्थान तथा आयोगले तोकेको अन्य आवश्यक विवरण समेत खुलाउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम प्रकाशित विज्ञापनमा उल्लेख भए बमोजिमको विवरण संलग्न गरी सम्भाव्य उम्मेदवारहरूले दरखास्त फाराम आयोगमा बुझाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त हुन आएका दरखास्तहरू आयोगले सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउनु पर्नेछ।

(५) बढुवा सम्बन्धी दरखास्त फारामको ढाँचा र दरखास्त दस्तुर आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

२२. **<u>प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवाको विज्ञापन</u>**: (१) प्रदेश सेवा, समूह वा उपसमूह सम्बन्धी प्रचलित प्रदेश कानून बमोजिम प्रतियोगितात्मक परीक्षाको आधारमा हुने बढुवाको लागि आयोगले कार्यतालिका बमोजिम विज्ञापन प्रकाशन गर्नेछ।

(२) उपनियम (१) बमोजिमको विज्ञापनमा बढुवा गरिने पद, तह, सङ्ख्या, सेवा, समूह **वा** उपसमूह**का लागि** उम्मेदवार हुन आवश्यक पर्ने सेवा अवधि, न्यूनतम शैक्षिक योग्यता, दरखास्त बुझाउने म्याद र स्थान तथा आवश्यक **देखिए**का अन्य विवरण समेत खुलाउनु पर्नेछ।

(३) सम्भाव्य उम्मेदवारले उपनियम (१) बमोजिम प्रकाशित विज्ञापनमा उल्लेख भए बमोजिमको विवरण संलग्न गरी दरखास्त फाराम बुझाउनु पर्नेछ।

(४) बढुवा सम्बन्धी दरखास्त फारामको ढाँचा, दरखास्त दस्तुर र परीक्षा दस्तुर आयोगले तोकेबमोजिम हुनेछ।

२३. **<u>बढुवा उजुरीको निर्णय</u>**: (१) ऐनको दफा ६० बमोजिम आयोगमा बढुवा उपरको उजुरी पर्न आएमा सम्बन्धित बढुवा समितिको प्रतिक्रिया, बढुवा सिफारिस भएका र उजुरकर्ताको व्यक्तिगत विवरण, कार्यसम्पादन मूल्याङ्कन फाराम र अन्य सम्बन्धित आवश्यक कागजात समेत बढुवा समितिको सचिवालयसँग माग गरी आयोगले त्यस्तो बढुवा उजुरीको सम्बन्धमा निर्णय गर्नेछ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि उपनियम (१) बमोजिमका विवरण तथा कागजात प्राप्त भएको कम्तीमा सात दिन पूरा नभई आयोगले निर्णय गर्ने छैन।

(३) उपनियम (१) बमोजिम आयोगबाट भएको निर्णय कार्यान्वयनको लागि सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउनु पर्नेछ।

परिच्छेद-९

## <u>दक्ष, विज्ञ तथा विशेषज्ञको सेवा लिने सम्बन्धी व्यवस्था</u>

२४. **<u>दक्ष, विज्ञ वा विशेषज्ञको सूची राख्ने:</u>** (१) आयोगबाट लिइने परीक्षा सम्बन्धी कामको लागि आयोगले विभिन्न दक्ष, विज्ञ वा विशेषज्ञको सूची तयार गर्नेछ।

(२) उपनियम (१) बमोजिमको सूची आवश्यकता अनुसार आयोगले अद्यावधिक गर्नेछ।

२५. **<u>दक्ष, विज्ञ वा विशेषज्ञको नामावली तयार गर्ने:</u>** (१) प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता, मनोवैज्ञानिक व्यक्तित्व परीक्षण, पाठ्यक्रम निर्माण लगायतका आयोगको कामका लागि सम्बन्धित शाखाले आवश्यकता अनुसार देहायको कुनै तरिका अपनाई सम्बन्धित विषयका दक्ष, विज्ञ वा विशेषज्ञको नामावली सङ्कलन गर्नु पर्नेछः-

(क) दक्ष, विज्ञ वा विशेषज्ञ रहेको संस्थामा गई अनुसूची-८ बमोजिमको फाराम अनुसारको विवरण सङ्कलन गरेर,

(ख) सम्बन्धित दक्ष, विज्ञ वा विशेषज्ञको व्यक्तिगत विवरण माग गरेर, वा

(ग) आयोगको वेब साइट वा बुलेटिन वा अन्य माध्यमबाट सूचना प्रकाशित गरेर।

(२) उपनियम (१) को खण्ड (क), (ख), (ग) बमोजिम दक्ष, विज्ञ र विशेषज्ञको सूची अनुसूची-९ बमोजिम हुनेछ।

(३) उपनियम (१) बमोजिम सम्बन्धित शाखाले सङ्कलन गरेको दक्ष, विज्ञ वा विशेषज्ञको सूची स्वीकृतीको लागि आयोगमा पेश गर्नु पर्नेछ।

(४) उपनियम (२) बमोजिम पेश भएको सूचीबाट आयोगबाट लिइने परीक्षा सम्बन्धी कामको लागि आयोगले आवश्यकता अनुसार दक्ष, विज्ञ वा विशेषज्ञको नामावली स्वीकृत गर्नेछ।

(५) आयोगले दक्ष, विज्ञ वा विशेषज्ञको नामावलीमा आवश्यकता अनुसार हेरफेर तथा अद्यावधिक गर्नु पर्नेछ।

२६. **दक्ष, विज्ञ वा विशेषज्ञको मनानेयन गर्ने**: (१) नियम २३ बमोजिम आयोगबाट स्वीकृत दक्ष, विज्ञ वा विशेषज्ञहरु मध्येबाट प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता, मनोवैज्ञानिक व्यक्तित्व परीक्षण, सामूहिक छलफल, पाठ्यक्रम निर्माण लगायतका आयोगको परीक्षा सम्बन्धी काम गराउन मनोनयनका लागि सम्बन्धित शाखाले तोकिएको सदस्य समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मनोनयनका लागि पेश भएका दक्ष, विज्ञ वा विशेषज्ञहरू मध्ये परीक्षा सम्बन्धी विभिन्न काममा सकेसम्म एउटै व्यक्ति नपर्ने गरी मनोनयन गर्नु पर्नेछ।

परिच्छेद-१०

## विविध

२७. **आयोगको निर्णय गर्ने कार्यविधि**: (१) निर्णय हुनुपर्ने कुनै विषयमा आयोगमा फाइल पेश गर्दा विषयवस्तुको संक्षिप्त व्यहोरा र सो सम्बन्धी प्रचलित कानूनी व्यवस्था समेत उल्लेख गरी सम्बन्धित शाखाबाट पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेश भएको फाइलमा देहाय बमोजिम निर्णय गर्नु पर्नेछः-

(क) महाशाखा प्रमुखले आफूलाई अधिकार भएकोमा आफैंले निर्णय गर्ने र अन्य विषयमा आफ्नो राय सहित सचिव समक्ष पेश गर्ने,

(ख) खण्ड (क) बमोजिम पेश भएको फाइलमा सचिवले आफूलाई अधिकार भएकोमा आफैंले निर्णय गर्ने र अन्य विषयमा आफ्नो राय सहित आयोगका अध्यक्ष वा सम्बन्धित सदस्य समक्ष पेश गर्ने,

(ग) खण्ड (ख) बमोजिम पेश भएको फाइलमा आयोगका अध्यक्ष वा सदस्यले आफूलाई अधिकार भएकोमा आफैंले निर्णय गर्ने र आयोगमा पेश गर्नुपर्ने विषयमा आयोगमा प्रस्ताव पेश गर्न स्वीकृत गर्ने।

(३) उपनियम (२) बमोजिम आयोगमा प्रस्ताव पेश गर्ने निर्णय भएमा सम्बन्धित शाखाले अनुसूची-१० को ढाँचामा प्रस्ताव तयार गरी महाशाखा प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

(४) सम्बन्धित महाशाखा प्रमुखले उपनियम (३) बमोजिम पेश भएको प्रस्ताव उपर आवश्यक अध्ययन गरी प्रस्तावमा उल्लिखित विषयमा कुनै हेरफेर गर्न आवश्यक भएमा सो समेत गरी सचिव समक्ष पेश गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम पेश भएको प्रस्ताव सचिवले आयोग समक्ष पेश गर्नेछ।

(६) उपनियम (५) बमोजिम आयोगमा पेश भएको प्रस्ताव उपर आयोगबाट भएको निर्णय समावेश गरी सचिवले कार्यान्वयनका लागि सम्बन्धित महाशाखामा पठाउनु पर्नेछ।

२८. **कार्यतालिका बनाउने**: (१) आयोगले आफ्नो काम कारबाहीलाई व्यवस्थित र नियमित गर्न कार्यतालिका बनाई लागू गर्नेछ।

(२) उपनियम (१) बमोजिम कार्यतालिका बनाउँदा आयोगले प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको संगठित संस्थाको सेवाका लागि एउटै वा पृथक पृथक कार्यतालिका बनाउन सक्नेछ।

(३) उपनियम (१) बमोजिमको कार्यतालिकामा आयोगले आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ।

२९. **पदपूर्ति सम्बन्धी कार्यमा सहयोग गर्न तथा प्रतिनिधि खटाउन सक्ने**: (१) प्रदेश प्रहरी सेवाको पदपूर्ति सम्बन्धमा सम्बन्धित निकायबाट अनुरोध भई आएमा आयोगले पदपूर्ति सम्बन्धी कार्य सम्पन्न गर्न आवश्यक सहयोग गर्न सक्नेछ।

(२) आयोगको प्रतिनिधित्व हुने गरी सम्बन्धित कानूनमा व्यवस्था भएमा **प्रदेश प्रहरी सेवा**को पदपूर्ति सम्बन्धमा आयोगले प्रतिनिधि खटाउन सक्नेछ।

तर पदपूर्ति सम्बन्धमा आयोगले निर्धारण गरेका प्रकृयाहरु पूरा गर्ने सुनिश्चितता नभएको निकायमा पदपूर्तिको लागि आयोगले प्रतिनिधि खटाउने छैन।

३०. **गोपनीयता कायम गर्ने:** आयोगको कामकारबाही तथा गोपनीयता कायम गर्नुपर्ने परीक्षा सम्बन्धी कार्यमा आवश्यक गोपनीयता कायम राख्ने दायित्व सो काममा संलग्न सबै पदाधिकारी, कर्मचारी, दक्ष, विज्ञ र विशेषज्ञको हुनेछ।

३१. **जानकारी दिनुपर्ने**: (१) प्रश्नपत्र निर्माण गर्ने, परिमार्जन गर्ने, उत्तरपुस्तिकामा संकेत राख्ने, उत्तरपुस्तिका परीक्षण गर्ने, परीक्षा सञ्चालन गर्ने र अन्तर्वार्ता सम्बन्धी कामसँग सम्बन्धित शाखामा कार्यरत आयोगका कुनै कर्मचारीको

कुनै नातेदार आयोगद्वारा सञ्चालन हुने कुनै परीक्षामा उम्मेदवार भएमा सम्बन्धित कर्मचारीले सचिवलाई जानकारी दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त भएमा त्यस्तो कर्मचारीलाई त्यस्तो काममा संलग्न नगराउने वा उपयुक्त तरिकाले राख्ने व्यवस्था गर्नु पर्नेछ।

३२. **नक्कल सम्बन्धी व्यवस्था**ः (१) आयोगको निर्णय वा कागजातको नक्कल लिन चाहने सरोकारवालाले आयोगमा निवेदन दिनु पर्नेछ र यसरी निवेदन दिएमा आयोगले प्रति पाना दश रुपैयाँका दरले दस्तुर लिई नक्कल दिन सक्नेछ।

तर सरकारी कार्यालयलाई नक्कल उपलब्ध गराउँदा कुनै दस्तुर लाग्ने छैन।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले गोप्य राख्नु पर्ने ठहर्याएको कागजातको नक्कल उपलव्ध गराउने छैन।

३३. **जानकारी दिनु पर्ने**ः प्रदेश सेवा अन्तर्गतको कुनै सेवा सञ्चालन गर्ने निकाय वा कार्यालयले आयोगलाई आफ्नो कार्यालयमा स्थायी, अस्थायी वा करारमा नियुक्ति भएका र बढुवा तथा कायम मुकायम मुकरर भएका कर्मचारीहरूको जानकारी दिनु पर्नेछ।

३४. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने**ः आयोगले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ।

## अनुसूची-१

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

**<u>माग आकृति फाराम</u>**

माग गर्ने कार्यालयको नाम र ठेगानाः

| क्र.सं. | सेवा | समूह/उपसमूह | तह | पद | कुल स्वीकृत दरबन्दी | कार्यरत संख्या | रिक्त पद संख्या | | | जम्मा रिक्त पद संख्या | माग पद संख्या | अवकाश, राजिनामा, मृत्यु र कारवाहीमा परि रिक्त हुनेहरुको विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | बढुवा | अवकाश | अन्य | | | नाम,थर | मिति | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
| | | | | | | | | | | | | | | |

कार्यालय प्रमुखकोः

दस्तखतः

नाम, थरः

पदः

मितिः

## अनुसूची-२

(नियम १२ सँग सम्बन्धित)

**लिखित तथा प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशन गर्दाको संख्या**

१. लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा माग भएको रिक्त पदसंख्यामा देहाय बमोजिम उत्तीर्ण उम्मेदवारहरू थप गर्नु पर्नेछः-

| क्र. सं. | माग भएको रिक्त पद संख्या | थप हुने संख्या | कायम हुने उम्मेदवार संख्या |
|---|---|---|---|
| १ | १ देखि ५ सम्म भएमा | २ | ३ देखि ७ सम्म |
| २ | ६ देखि १० सम्म भएमा | ३ | ९ देखि १३ सम्म |
| ३ | ११ देखि १५ सम्म भएमा | ४ | १५ देखि १९ सम्म |
| ४ | १६ देखि २० सम्म भएमा | ५ | २१ देखि २५ सम्म |
| ५ | २१ देखि २५ सम्म भएमा | ६ | २७ देखि ३१ सम्म |
| ६ | २६ देखि ३० सम्म भएमा | ७ | ३३ देखि ३७ सम्म |
| ७ | ३१ देखि ३५ सम्म भएमा | ८ | ३९ देखि ४३ सम्म |
| ८ | ३६ देखि ४० सम्म भएमा | ९ | ४५ देखि ४९ सम्म |
| ९ | ४१ र सो माथि जतिसुकै भएमा पच्चिस* प्रतिशत | | |

२. एकीकृत परीक्षा प्रणाली अन्तर्गतको विज्ञापनमध्ये समान शैक्षिक योग्यता भएको परीक्षाको हकमा खण्ड (१) बमोजिम कायम हुने उम्मेदवारको संख्यामा दश प्रतिशत थप गरी उम्मेदवार संख्या कायम गरिने छ भने न्यूनतम शैक्षिक योग्यता छुट्टाछुट्टै तोकिएको परीक्षाको हकमा खण्ड (१) बमोजिम कायम हुने उम्मेदवार संख्या त्यसरी छुट्टाछुट्टै न्यूनतम शैक्षिक योग्यता भएका सेवा वा समूह वा उपसमूहका लागि समेत पुगे नपुगेको हिसाव गरी सो संख्या नपुगुञ्जेलसम्मको प्राप्ताङ्क ल्याउने सबै उम्मेदवारको नाम समेत समावेश गरी नतिजा प्रकाशन गर्नु पर्नेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

**स्पष्टीकरण**: "एकिकृत परीक्षा प्रणाली" भन्नाले एउटै तहका विभिन्न सेवा वा समूह वा उप समूहमा रहेका विभिन्न पदहरुका लागि सञ्चालन हुने परीक्षा मध्ये सवै वा केही बिषयमा एउटै परीक्षाको माध्यमबाट सञ्चालन गर्ने परीक्षा प्रणाली सम्झनु पर्छ।

३. प्रयोगात्मक परीक्षा हुने प्राविधिक पदमा लिखित परीक्षाबाट प्रयोगात्मक परीक्षाको लागि छनौट गर्दा रिक्त माग पद संख्या एक देखि पाँच सम्म भएमा थप पाँच जना उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ। माग भएको रिक्त पद संख्या छ वा सो भन्दा बढी भएमा माग भएको पद संख्याको दोब्बर संख्यामा उम्मेदवारको नाम समावेश गरी नतिजा प्रकाशन गर्नु पर्नेछ।

४. समानस्तरका विभिन्न पदको लागि एउटै समयमा भएको भिन्दा भिन्दै विज्ञापन बमोजिमको लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा अन्य पदको नतिजामा नाम समावेश भएकामध्ये जतिजना उम्मेदवारको नाम त्यसपछि प्रकाशन हुने पदको नतिजामा समावेश भएको छ त्यतिकै संख्यामा थप उम्मेदवारहरूको नाम समावेश गरी नतिजा प्रकाशन गर्नु पर्नेछ।

५. खण्ड (२) र (३) बमोजिम नतिजा प्रकाशन गर्दा अन्तिम प्राप्ताङ्क समान भएका उम्मेदवार एकभन्दा बढी भएमा त्यस्ता सबै उम्मेदवारको नाम लिखित परीक्षाको नतिजामा समावेश गर्नु पर्नेछ।

६. खण्ड (२) र (३) बमोजिम नतिजाको लागि संख्या निर्धारण गर्दा शून्य दशमलव पाँच वा सो भन्दा बढी हुन आएमा मात्र पूर्ण अङ्क एक मान्नु पर्नेछ।

७. खण्ड (१), (२) वा (३) बमोजिम नतिजा प्रकाशन गर्दा कुनै कठिनाई आईपरेमा आयोगले आवश्यक व्यवस्था गर्न सक्नेछ।

८. माथिल्लो तह वा पदमा पहिले नै नियुक्तिको लागि सिफारिस भैसकेको उम्मेदवारको नाम अर्को पदको विज्ञापनको लिखित परीक्षाको नतिजामा समावेश गरिने छैन र समावेश नभएको संख्या बराबर अन्य उम्मेदवारहरूको नाम समावेश गरी नतिजा प्रकाशन गर्नु पर्नेछ।

अनुसूची-३ *

(नियम १५ को उपनियम (१) सँग सम्बन्धित)

**अन्तर्वार्ताको मूल्याङ्कन फाराम**

विज्ञापन नं. :............................ सेवा/समूह/उपसमूह :..........................

तह :.......................................... पद :........................................

अन्तर्वार्ता मिति :........................... समावेशी समूह अनुसार माग पद संख्या :

| किसिम | खुला | महिला | आदिवासी जनजाति | मधेशी | दलित | अपाङ्ग | पिछडिएको क्षेत्र | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| संख्या | | | | | | | | |

अन्तर्वार्ताको लागि छनौट भएका जम्मा उम्मेदवार संख्या :

अन्तर्वार्ताको पूर्णाङ्क :

| क्र. सं. | रोल नं. | उम्मेदवारको नाम, थर | प्राप्ताङ्क (सामान्य ज्ञान, विषय सम्बन्धी ज्ञान र व्यक्तित्व) | | कैफियत |
|---|---|---|---|---|---|
| | | | अङ्कमा | अक्षरमा | |
| | | | | | |
| | | | | | |
| | | | | | |

माथि उल्लिखित विज्ञापनमा सहभागी कुनै पनि उम्मेदवार मेरो बाबु, आमाको तीन पुस्ता भित्रको नातेदार, सासु-ससुरा, पति, पत्नी, छोरा-छोरी, दाजु-भाई, दिदी-बहिनी, भाउजू-बुहारी, आमाजू, नन्द, जेठाजु, जेठानी, देवर, देउरानी, काका-काकी, ठूलोबुबा-ठूलीआमा, सानाबा-सानीआमा, भतिजा-भतिजी, भाञ्जा-भाञ्जी, भिनाजु-ज्वाइ, मामा-माइजू, फुपु-फुपाजू, जेठी सासू, साढु दाइ-भाई, जेठान, साला-साली, मित-मितिनी, धर्मपुत्र र धर्मपुत्री तिनका छोराछोरी नाता पर्दैन।

* पहिलो संशोधनद्वारा संशोधित।

अन्तर्वार्ता समितिको अध्यक्ष/सदस्यको दस्तखत : .....................................

नाम, थर : .......................................

पद : ............................................

मिति : ...........................................

**द्रष्टव्य :**

(१) अन्तर्वार्ता लिइन लागेको पदको विज्ञापनमा अन्तर्वार्ता समितिका अध्यक्ष तथा सदस्यहरूका माथि उल्लिखित विज्ञापनमा सहभागी कुनै नाता पर्ने भएमा त्यस्तो अन्तर्वार्ताकर्ताले उक्त समूहको सो दिनको अन्तर्वार्तामा भाग लिनु हुंदैन।

(२) अन्तर्वार्तामा अधिकतम सत्तरी प्रतिशत भन्दा बढी र न्यूनतम चालीस प्रतिशत भन्दा कम अङ्क दिंदा पुष्ट्याई दिनु पर्नेछ।

## अनुसूची-३क ≈

(नियम १५ को उपनियम (१क) सँग सम्बन्धित)

**अन्तर्वार्ता गर्दा अन्तर्वार्ताकर्ताले ध्यान दिनु पर्ने कुरा**

**१. पदको कार्य विवरण**

यस अन्तर्गत सर्वप्रथम काम तथा पदको कार्यविवरण हेर्नु पर्नेछ।

**२. दरखास्त विवरण अध्ययन**

दरखास्त विवरण अध्ययन गरी उम्मेदवारको शैक्षिक उपलब्धि, अनुभव, अभिरुची आदि उल्लिखित वायोडाटालाई ध्यान दिनुपर्नेछ।

**३. (क) सेवा, समूह सम्बन्धी ज्ञान**

उम्मेदवारको सेवा, समूह सम्बन्धी कामको ज्ञान, अनुभव सम्बन्धित क्षेत्रको अध्यनय एवं प्रकाशित कृति, तालीम आदि कुराहरू पदका लागि कति उपयोगी छन, निजले कुनै पदमा रही काम गरी सकेको भए त्यस बारे निजको ज्ञान कतिको छ र हालको पदसँग निजले प्राप्त गरेको ज्ञानको कतिको सम्बन्ध छ? आदि कुरालाई ध्यान दिनुपर्नेछ।

**(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषय सम्बन्धी ज्ञान**

देशको सामाजिक, आर्थिक, राजनैतिक र अन्तर्राष्ट्रिय विषय सम्बन्धी जानकारी लिनु पर्नेछ।

**(ग) कामको अनुभव**

यस सन्दर्भमा विज्ञापित पदसँग सम्बन्धित काममा कुन तहमा कति वर्ष रही अनुभव प्राप्त गरेको छ, पदको काममा विशेष योगदान एवं अनुभव भएमा सो सम्बन्धी विषयमा दक्ष एवं विशेषज्ञले दृष्टि दिने।

**(घ) रुचि**

सम्बन्धित पद सम्बन्धी शिक्षा प्राप्त गरे तापनि त्यस पदका निम्ति व्यक्तित्व र वास्तविक अभिरुची छ कि छैन, सो बारे ध्यान दिनु पर्नेछ।

---

≈ पहिलो संशोधनद्वारा थप।

४. <u>अतिरिक्त क्रियाकलाप</u>

सामाजिक, पारिवारिक, व्यावसायिक, खेलकुद, मनोरञ्जन, शौख आदि क्रियाकलापमा कुन प्रकारको संलग्नता छ? आदि कुरामा जानकारी लिने।

५. <u>व्यक्तित्व परीक्षण</u>

यस परीक्षणबाट उम्मेदवारको गुण अवगुण केलाउन सकिन्छ, जसका आधार मुख्य दुई प्रकारका छन्:-

(क) <u>संगठनात्मक व्यवहार प्रदर्शन</u>

यस अन्तर्गत उम्मेदवारको अभिव्यक्ति मनोबृत्ति, अभिरुचि, चिन्तन-शक्ति, बौद्धिक स्थिति, महत्वाकांक्षा, सहयोगी भावना आदि विषयहरू संगठित देखिएमा एक गुणी उम्मेदवारको रुपमा मूल्यांकन गर्न सकिन्छ।

(ख) <u>असंगठनात्मक व्यवहार प्रदर्शन</u>

अस्पष्ट बोल्ने, भकभकाउने, हडबडाउने,अपरिपक्वता,असन्तुष्टि, अस्वस्थता, असामाजिकता आदि व्यवहारबाट उम्मेदवारलाई अवगुणी एवं असन्तुलित व्यक्तित्वको रुपमा चिनिन्छ।

६. अन्तरवार्तामा अधिकतम ७० भन्दा बढी र न्यूनतम ४० भन्दा कम अङ्क दिंदा पुष्टयाई दिनु पर्नेछ।

## अनुसूची-४

(नियम १५ को उपनियम (२) सँग सम्बन्धित)

**अन्तर्वार्ताको अङ्कभार**

१. लिखित परीक्षाको पूर्णाङ्क सय भएमा त्यसको अन्तर्वार्ताको अङ्कभार बीस कायम गरिनेछ। यसपछि लिखित परीक्षाको पूर्णाङ्कमा थप हुने प्रत्येक सय पूर्णाङ्कभित्र अन्तर्वार्ताको अङ्कभारमा दश अङ्कका दरले थप गर्नु पर्नेछ।

*उदाहरणार्थ :*

| लिखित परीक्षाको पूर्णाङ्क | अन्तर्वार्ताको अङ्कभार | कैफियत |
|---|---|---|
| १०० सम्म | २०+०=२० | |
| २०० सम्म | २०+१०=३० | |
| ३०० सम्म | २०+१०+१०=४० | |
| ४०० सम्म | २०+१०+१०+१०=५० | |

२. एकीकृत परीक्षा प्रणाली लागू भएको सेवा, समूह वा उपसमूहको पदको अन्तर्वार्ताको अङ्कभार कायम गर्दा देहायको पत्र बाहेकको लिखित परीक्षाको पूर्णाङ्कको आधारमा कायम गर्नु पर्नेछ : -

(क) कुनै सेवा, समूह वा उपसमूहको पदको लागि मात्र उम्मेदवार हुन आवश्यक पर्ने थप पत्र,

(ख) अन्तिम चरणमा अङ्क गणना गर्दा पूरा प्राप्ताङ्क गणना नभई निश्चित प्रतिशत मात्र गणना हुने पत्र।

३. प्रतिशतको हिसाबले लिखित परीक्षाको पूर्णाङ्कको तुलनामा अन्तर्वार्ता अङ्कभार बिश प्रतिशत भन्दा बढी र दश प्रतिशत भन्दा कम हुने छैन।

४. अन्तर्वार्ताद्वारा मात्र पदपूर्ति हुने पदको लागि अन्तर्वार्ताको पूर्णाङ्क सय हुनेछ।

## अनुसूची-५

(नियम १७ सँग सम्बन्धित)

**वैकल्पिक उम्मेदवारको संख्या**

१. उम्मेदवारको नियुक्तिको लागि योग्यताक्रम सूची प्रकाशन गर्दा देहाय बमोजिमको संख्यामा वैकल्पिक उम्मेदवार समावेश गरी सूची प्रकाशन गर्नु पर्नेछ।

| क्र.सं. | माग भएको रिक्त पदसंख्या | वैकल्पिक उम्मेदवारको संख्या |
|---|---|---|
| (१) | १ देखि ३ सम्म भएमा | १ |
| (२) | ४ देखि ८ सम्म भएमा | २ |
| (३) | ९ देखि १५ सम्म भएमा | ३ |
| (४) | १६ देखि २० सम्म भएमा | ४ |
| (५) | २१ र सो भन्दा माथि जतिसुकै भएपनि | २५ प्रतिशत* |

२. एकीकृत परीक्षा प्रणाली अन्तर्गतको विज्ञापनको हकमा उम्मेदवारले उल्लेख गरेको प्राथमिकताक्रमको आधारमा सिफारिसको योग्यताक्रममा नपरेका सबै उम्मेदवार समावेश हुने गरी वैकल्पिक उम्मेदवारको सूची प्रकाशन गर्नु पर्नेछ।

३. खण्ड (१) बमोजिम वैकल्पिक उम्मेदवारको सूची तयार गर्दा एकभन्दा बढी उम्मेदवारको अन्तिम प्राप्ताङ्क समान भएमा ऐनको दफा ४६ को उपदफा (२) र (३) बमोजिम योग्यताक्रम कायम गरी नतिजा प्रकाशन गर्नु पर्नेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

## अनुसूची-६

(नियम १८ को उपनियम (१) सँग सम्बन्धित)

**विभागीय सजायको परामर्श माग गर्दा भर्नु पर्ने फाराम**

१. सजायको लागि प्रस्तावित कर्मचारीको,

नाम, थर : कर्मचारी संकेत नं. :

बाबुको नाम : बाजेको नाम :

पति वा पत्नीको नाम : तह :

पद :

सेवा/समूह/उपसमूह :

स्थायी नियुक्ति मिति :

खाई पाई आएको तलब वृद्धि (ग्रेड) सङ्ख्या :

पाउन सक्ने अधिकतम तलब वृद्धि सङ्ख्या :

हालको पदमा बढुवा मिति :

खाईपाई आएको तलव रकम :

२. विभागीय सजाय सम्बन्धी विवरण

(क) प्रस्तावित सजायको विवरण :

(१) कर्मचारीले गरेको कसूरको छोटकरी विवरण र निज उपर लगाईएको अभियोग :

(सम्बन्धित ऐन/नियमको दफा/नियम समेत उल्लेख गर्ने)

(२) प्रस्तावित सजायको विवरण :

(सेवा सम्बन्धी ऐन/नियमको दफा/नियम समेत उल्लेख गर्ने)

(ख) यसअघि विभागीय सजाय भए नभएको :

(भएको भए)

(१) कुन कसूरमा सजाय भएको हो, कसूरको प्रकृति र मिति समेत छोटकरीमा उल्लेख गर्ने :

(२) प्रचलित कानूनको कुन दफासँग सम्बन्धित अभियोग लगाईएको हो, सो खुलाउने :

(३) आयोगबाट परामर्श लिएको भए कुन मितिमा परामर्श प्राप्त भएको हो, सो समेत खुलाउने :

३. यसै प्रकृतिको कसूरमा यस अघि त्यस निकाय अन्तर्गतका अन्य कर्मचारीलाई विभागीय सजाय गरीएको भए सो खुलाउने :

४. यसै कसूरमा संलग्न अन्य कर्मचारी भए सो को बिवरण र निजहरु उपर लगाएको अभियोग वा सजायको बिवरणः

५. सजाय गर्ने अधिकारीको :

नाम, थर : ...............................................

सेवा/समूह/उपसमूह : .................................

पद : .....................................................

तह : .....................................................

कार्यालय : ...............................................

६. फाईल पठाउने अधिकृतको :

नाम, थर : ...............................................

दस्तखत : ...............................................

पद : .....................................................

मिति : ...................................................

कार्यालय : ...............................................

## अनुसूची-७

(नियम १९ को उपनियम (१) सँग सम्बन्धित)

**<u>सेवा, समूह वा उपसमूह परिवर्तनका लागि भर्नुपर्ने फाराम</u>**

**(क) सेवा, समूह वा उपसमूह परिवर्तन गर्दा सम्बन्धित कर्मचारीले भर्नुपर्ने विवरण फाराम**

(१) कर्मचारीको नाम, थरः

(२) हालको

(क) पदः

(ख) सेवाः

(ग) समूह/उपसमूहः

(३) स्थायी ठेगानाः

(४) हालको उमेरः

(५) हाल कार्यरत कार्यालयको नामः

(६) ठेगानाः

(७) माथिल्लो शैक्षिक योग्यताः

(८) विशेष शैक्षिक योग्यताः

(९) शैक्षिक योग्यता सम्बन्धी विवरण (प्रमाणपत्रको प्रमाणित प्रति साथै पेश गर्नुपर्नेछ)

| सि. नं. | स्कुल, महाविद्यालय, विश्वविद्यालयको नाम र ठेगाना | हासिल गरेको डिग्री, डिप्लोमा, प्रमाणपत्र | उत्तिर्ण गरेको | | मुख्य विषयहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | श्रेणी | वर्ष | | |
| | | | | | | |

(१०) सेवा सम्बन्धी विवरण (अनुभव प्रयोजनार्थ कुनै विशेष अनुभव हासिल गरेको भए सो पनि विवरणमा स्पष्ट खुलाउने) नियुक्ति पत्रको प्रमाणित प्रति साथै पेश गर्नु पर्ने छ।

| सि.नं. | कार्यालय | दर्जा/तह | सेवा, समूह, उपसमूह | नियुक्ति मिति | स्थायी/अस्थायी | प्रत्येक पदमा हासिल गरेको अनुभव | सरुवा, बढुवा वा छाडेको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

(११) तालीम (दक्षता/सीप प्रयोजनार्थ): (कुन विषयमा के कस्तो दक्षता वा तालीम हासिल गरेको हो सो विवरणमा स्पष्ट खुलाउने) प्रमाणपत्रको प्रमाणित प्रति साथै पेश गर्नुपर्नेछ।

| सि.नं. | तालीम दिने संस्थाको नाम र ठेगाना | तालीम अवधि | | तालीमको | | उत्तीर्ण भएको | | तालीमको मुख्य विषयहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | किसिम | विषय | श्रेणी | वर्ष | | |
| | | | | | | | | | |

(१२) सेवा, समूह वा उपसमूह, परिवर्तन हुन चाहेको मुख्य कारणः

(१३) सेवा परिवर्तन गर्न खोजेकोः

(क) पदः

(ख) तहः

(ग) सेवाः

(घ) समूह, उपसमहूः

कर्मचारीको दस्तखतः

नाम, थरः

कार्यालयः

मितिः

दायाँ औठाको छापः

(ख) अधिकृत स्तरको कर्मचारीको हकमा सरुवा गरी लिने सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयले र सहायक स्तरको हकमा सरुवा गरी लिने विभागीय प्रमुखले भर्ने फाराम

(१) सरुवा गरिने:

(क) कायार्लयको नाम:

(ख) ठेगाना:

(२) सरुवाद्वारा पूर्ति गर्नुपर्ने पदको विवरण:–

(क) पदको नाम: (ख) तह:

(ग) सेवा: (घ) समूह, उपसमूह:

(३) हाल सरुवा गरिने सेवा, समूह वा उपसमूह अन्तरगत सम्बन्धित तहको दरबन्दी विवरण:

(क) हाल कायम दरबन्दी संख्या:

(ख) पदपूर्ति संख्या:

(ग) रिक्त पद संख्या:

(घ) सोमध्ये स्थायी पदपूर्ति गर्न आयोगमा माग भैसकेको भए सो संख्या:

(४) सो सेवा,समूहमा कर्मचारी अपर्याप्त भएको भन्ने कारणसहितको पुष्ट्याई:

(५) हाल सेवा, समूह वा उपसमूह परिवर्तन गरी ल्याउनुपर्ने कर्मचारीको दक्षता र विशेषता प्रमाणित गर्ने आधारहरू:

(६) सो पदको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता:

(७) सो पदमा रही गर्नु पर्ने कार्य विवरण:

(८) सेवा, समहू वा उपसमूह परिवर्तन गर्न अनुमति दिने मन्त्रालय वा विभागको नाम:

(९) अनुमति पत्रको संख्या र मिति:

(१०) सरुवा गरी ल्याउनु पर्ने कारण सहितको पुष्ट्याई:

सरुवा गरी लिने सचिव/विभागीय प्रमुखको दस्तखत:

कार्यालयको छाप नाम,थर:

दर्जा:

कार्यालय:

मिति:

## अनुसूची-८

(नियम २५ को उपनियम (१) को खण्ड (क) सँग सम्बन्धित)

**विज्ञ वा दक्षको सूचीमा नाम समावेश गर्ने फाराम**

मिति :

माननीय अध्यक्षज्यू,
प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत

आयोगमा रहने दक्ष विज्ञहरुको सूची (Roster) मा मेरो नाम सूचीकृत गरी दिनु हुन मेरो निम्नानुसारको सत्यतथ्य विवरण खुलाई अनुरोध गर्दछु।

१. नाम, थर:

२. जन्म मिति: हालको उमेर:

३. हाल बसोबास गरेको ठेगाना: प्रदेश: जिल्ला :
न.पा./गा.पा.: टोल:
मार्ग: घर नं.:

४. सम्पर्क फोन नम्बरहरु:
क) निवास: ख) मोबाईल नं.:
ग) कार्यालय: घ) वैकल्पिक सम्पर्क नं.:

५. स्थायी लेखा नम्बर: ६. ईमेलः

७. पेशागत संगठनमा आवद्धता नम्बरः

८. शैक्षिक योग्यता र दक्षता (विशेषज्ञता क्षेत्र समेत) उल्लेख गर्नेः

| शैक्षिक योग्यता | | | | अध्ययन गरेको विषय | | | दक्षताको क्षेत्रमा विशिष्टता हासिल गरेको भए विशिष्टताको क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | अध्ययन गरेको विषय | देखि | सम्म | दक्षताको विषय | देखि | सम्म | |
| पि.एच.डि./एम.फिल. | | | | | | | |
| स्नातकोत्तर | | | | | | | |
| स्नातक | | | | | | | |

*नोटः प्राविधिक दक्षताको क्षेत्रमा विशिष्टता हासिल गरेको भए सो क्षेत्रका दक्ष/विज्ञहरुले विशिष्टताको क्षेत्र खुलाउने।*

९. नोकरी सम्बन्धी विवरण (कम्तीमा दुई तहको):

| हालको पद | हालको पदमा नियुक्ति मिति | श्रेणी / तह | सेवा | समूह | उपसमूह | प्राविधिक / अप्राविधिक | निजामति/ सरकारी/ विश्वविद्यालय/ अन्य क्षेत्र नाम उल्लेख गर्ने |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

१०.अवकाश हुँदाको सेवा/समूह/उपसमूह(प्राविधिक/अप्राविधिक)

| अवकाश हुँदाको पद | | | | | | | अवकाश मिति |
|---|---|---|---|---|---|---|---|
| पदको नाम | श्रेणी / तह | सेवा | समूह | उपसमूह | प्राविधिक / अप्राविधिक | सेवा वर्ष | |
| | | | | | | | |

११.सेवा निवृत्त भएपछि कुनै निकायमा कार्यरत एवम् प्रतिनिधित्व भएको भए सो को पूर्ण विवरण:

१२.अध्ययन, अनुसन्धान गरेको भए के विषयको अनुसन्धान हो खुलाउने:

१३.दक्षताको क्षेत्रमा लिएको तालिम र अन्य विवरण भए खुलाउने:

| तालिमको विषय | तालिम दिने संस्था | तालिम लिएको अवधि | | तालिम लिएको देश |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| | | | | |
| | | | | |

१४.लोक सेवा आयोगले लिने परीक्षासँग सम्बन्धित पुस्तक प्रकाशन भएको भए सो को विवरण:

१५.लोक सेवा आयोगबाट लिईने परीक्षासँग सम्बन्धित विषयहरुमा तयारी कक्षा सञ्चालन गर्ने विभिन्न संस्थाहरुमा अध्यापन गराए/नगराएको विवरणः

१६.थप अरु केही भए :

**नोटः**

(क) उल्लिखित विषयको दक्ष/विज्ञको रुपमा कार्य गर्न सम्बन्धित विषयसँग अध्यावधिक हुनेछु।

(ख) आफ्नो ठेगाना, फोन नम्बर लगायतका विवरणमा कुनै परिवर्तन भएमा समयमै लोक सेवा आयोगलाई जानकारी गराउनेछु।

**निवेदकको दस्तखत**

**पुनश्चः**

(क) उल्लिखित विवरण भर्न स्थान अभाव भएमा छुट्टै पानामा विवरण भरी यसैसाथ संलग्न गर्न सकिनेछ।

(ख) उल्लिखित विवरणको आधारमा सूचीमा नाम समावेश गर्ने अधिकार आयोगमा सुरक्षित रहनेछ।

## अनुसूची-९

(नियम २५ को उपनियम (२) सँग सम्बन्धित)

**दक्ष, विज्ञ वा विशेषज्ञको सूची तयार गर्ने फाराम**

| सि. नं. | नामथर ठेगाना (घरको) | कार्यालय | पद | श्रेणी/तह | सेवा, समूह, उपसमूह | शैक्षिक योग्यता | दक्षताको क्षेत्र | फोन/ मोबाइल नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

## अनुसूची-१०

(नियम २७ को उपनियम (३) सँग सम्बन्धित)

**प्रदेश लोक सेवा आयोगमा पेश हुने प्रस्तावको ढाँचा**

**प्रदेश लोक सेवा आयोग प्रस्ताव**

शाखाः प्रस्ताव नं. मितिः

प्रस्ताव पेश गर्न स्वीकृति भएको मितिः–

विषयः....................................................................

(१) विषयको संक्षिप्त विवरणः

(विषयवस्तुको पृष्ठभूमि, विषयको विवरण र अन्य आवश्यक सन्दर्भहरू समेत खुलाउने)

(२) आयोगबाट निर्णय हुनु पर्नेः

(आयोगबाट यो, यसरी र यस प्रकारबाट निर्णय हुनु पर्ने भनी प्रस्तावित गरेको व्यहोरा खुलाउने)

(३) आयोगको निर्णयः

(आयोगबाट भएको निर्णयको व्यहोरा खुलाउने)